# चंगाइको लागि बाइबलीय आधारहरु

फ्रियांक्लीनद्धारा नोटहरु


१. प्रभुले आफैलाई “चंगाइ गर्नुहुने प्रभु”को रुपमा प्रस्तुत गर्नुहुन्छ। पाना नं. २

२. मसीहलाई चिनाउँनका लागि चंगाइ चाहिँ एक अगमवाणी गरिएको चिन्ह थियो पाना नं. २

३. सबै विश्वासीहरुलाई चंगाइ गर्नका लागि चेला बनाइएको छ पाना नं. ३

४. चंगाइका क्षेत्र पाना नं. ४

५. चंगाइका आधारहरु पाना नं. ४

क. करार पाना नं. ४

ख. राज्य पाना नं. ५

६. चंगाइ प्रति कसरी प्रतिक्रिया दिने भन्ने बारे उदाहरण पाना नं. ५

७. चंगाइको सेवकाइ पाना नं. ६

क. अधिक वा कम मात्राको अभिषेक पाना नं. ६

१. अधिक मात्राको अभिषेक पाना नं. ६

२. कम मात्राको अभिषेक पाना नं. ७

३. सबैले चंगाइ पाउँदैनन् पाना नं. ७

४. किन भन्ने प्रश्न पाना नं. ८

ख. चंगाइ प्राप्त गर्नका लागि विश्वासको सिद्धान्त पाना नं.१०

ग. चंगाइमा पापको सिद्धान्त पाना नं.१२

घ. दायाको सिद्धान्त पाना नं.१२

८. चंगाइको लागि उत्प्रेरणा पाना नं.१३

९. चंगाइका लागि चार प्रकारको विश्वासहरु पाना नं.१४

१०. चंगाइलाई सक्रिया गर्नका लागि आज्ञाकारीताको भुमिका पाना नं.१९

११. खुल्ला स्वर्ग र पवित्र आत्माको सेवकाई पाना नं.२४

# चंगाइको लागि बाइबलीय आधारहरु

फ्रियांक्लीनद्धारा नोटहरु
चंगाइ र देनको विद्यालयको कार्यपुस्तिकाबाट लिइएको
रियान्डी कलर्कद्धारा

१. प्रभुले आफैलाई "चंगाइ गर्नुहुने प्रभु"को रुपमा प्रस्तुत गर्नुहुन्छ।
प्रस्थान १५:२६ र उहाँले भन्नुभयो, तिमीहरुले परमप्रभु आफ्ना परमेश्वरका कुरा ध्यानसित सुन्यौ, उहाँको दृष्टिमा जे ठीक छ सो गऱ्यौ, उहाँका आज्ञाहरुमा ध्यान लगायौ, र उहाँका सबै विधिहरु मान्यौ भने, जुन रोगहरु मैले मिश्रिहरुमाथि ल्याएको थिएँ, तीमध्ये एउटै पनि तिमीहरुमाथि ल्याउनेछैनँ, किनकि तिमीहरुलाई निको पार्ने म परमप्रभु हुँ। (यहोवा रफ्फा)

२. मसीहलाई चिनाउँनका लागि चंगाइ चाहिँ एक अगमवाणी गरिएको चिन्ह थियो
यशैया ३५:३–६ कमजोर हातहरु बलिया बनाओ, र दुर्बल घुँडाहरु दह्रे पार। (४) डरले हृदय भरिएकाहरुलाई भन, साहस गर, नडराओ। तिमीहरुका परमेश्वर बदला दिनलाई आउँनुहुनेछ, ईश्वरीय प्रतिफलसहित तिमीहरुलाई बनाउनलाई उहाँ आउनुहुनेछ। (५) तब अन्धाहरुका आँखा खोलिनेछन्, र बहिराहरुका कान उघारिनेछन्। (६) तब लङ्गडाहरु मृगझैँ उफ्रनेछन्, र गूँगाहरुको जिब्रोले स्तुति गर्नेछ। उजाड स्थानमा पानी फुटेर निस्कनेछ र मरुभूमिमा खोलाहरु बग्नेछन्।

यशैया ६१:१–२ परमप्रभु परमेश्वरका आत्मा ममाथि छ, किनभने
गरीबहरुलाई सुसमाचार सुनाउनका निम्ति परमप्रभुले मलाई अभिषेक गर्नुभएको छ। मन
भाँचिएकाहरुको हृदयलाई बाँध्न, कैदमा परेकाहरुलाई स्वतन्त्रा दिन र बन्धनमा
परेकाहरुलाई छुटकाराको घोषणा गर्न उहाँले मलाई पठाउनुभएको छ। (२) परमप्रभुको प्रसन्नताको
वर्ष र हाम्रा परमेश्वरको बदला दिने दिनको घोषणा गर्न, सबै विलाप गर्नेहरुलाई सान्त्वना दिन,

**येशूले यशैयाको र अन्य थुप्रै अगमवाणीहरुलाई पुरा गर्नुभयो :**
लूका ४: १६–१९ उहाँ नासरतमा आउनुभयो, जहाँ उहाँ हुर्कनुभएको थियो। उहाँ आफ्नो आदत अनुसार शबाथ दिनमा सभाघरमा जानुभयो, र पढ्नलाई खडा हुनुभयो। (१७) उहाँलाई यशैया अगमवक्ताको पुस्तक दिइयो। उहाँले त्यो पुस्तक खोल्नुभयो, र यो कुरो लेखिएको खण्ड निकाल्नुभयो: (१८) "परमप्रभु आत्मा ममाथि छ, किनभने गरीबहरुलाई सुसमाचार सुनाउनका निम्ति उहाँले मलाई अभिषेक गर्नुभएको छ। कैदीहरुलाई छुट्काराको घोषणा गर्न, र अन्धाहरुलाई दृष्टि दिन, थिचोमिचोमा परेकाहरुलाई स्वतन्त्र गराउनका निम्ति, (१९) र परमप्रभुका प्रसन्नताको वर्ष घोषणा गर्नका निम्ति उहाँले मलाई पठाउनुभएको छ।"

लूका ७ : २०–२३ जब ती मानिसहरु येशूकहाँ आए, तब तिनीहरुले, बप्तिस्मा दिने यूहन्नाले हामीलाई यो सोध्न तपाईकहाँ पठाएका छन्, जो आउनुहुनेछ, के तपाई उहाँ नै हुनुहुन्छ ? कि हामी अरु कसैको प्रतीक्षा गरौं ? (२१) त्यसै बेला येशूले धेरैलाई रोग, व्यथा र दुष्टात्माहरुबाट

छुटाउनुभयो र धेरै अन्धाहरुलाई दृष्टि प्रदान गर्नुभयो । (२२) तब उहाँले तिनीहरुलाई भन्नुभयो, जाओ, र जे तिमीहरुले देख्यौ र सुन्यौ, गएर यूहन्नालाई भनिदेओ, अर्थात अन्धाहरुले दृष्टि पाउँछन्, लङ्गडाहरु हिँड्छन्, कुष्ठरोगीहरु निको हुन्छन्, बहिराहरु सुन्छन्, मृतकहरु जीवित भई उठ्छन्, गरीबहरुलाई सुसमाचार सुनाइन्छ । (२३) त्यो धन्य हो, जसले ममा बाधाको कारण पाउँदैन ।

उहाँ नै "त्यो अपेक्षा गरिएको व्यक्ति हो" भन्ने कुरालाई प्रमाणीत गर्न, येशूले उहाँले गर्नुभएको चंगाइ र उहाँले प्रचार गर्नुभएको सुसमाचारलाई संकेत गर्नुभयो । यसले हामीलाई यो देखाउँछ कि चंगाइ र सुसमाचारसँग सँगै आउँछ । यी दुबै नै मानिसहरुका सम्पूर्ण हितका लागि उहाँको दयालु हृदयबाट आउँछ ।

३. सबै विश्वासीहरुलाई चंगाइ गर्नका लागि चेला बनाइएको छ

मत्ती १०:७–९ स्वर्गको राज्य नजिकै आइपुगेको छ, भन्दै प्रचार छ । (८) बिरामीहरुलाई निको पार, मरेकाहरुलाई जीवित पार, कुष्ठ रोगीहरुलाई शुद्ध पार, भूतहरुलाई निकाल । तिमीहरुले सित्तैंमा पायौ सित्तैंमा देओ ।

- परमेश्वरको राज्यको उपस्थितीको चिन्ह चंगाइ पनि हो ।

मर्कुस ६:७ उहाँले बाह्र जनालाई आफूकहाँ बोलाउनुभयो र तिनीहरुलाई दुई दुई गरी पठाउनुभयो । तिनीहरुलाई अशुद्ध आत्माहरुमाथि अधिकार पनि दिनुभयो । . . . (१२) तब तिनीहरु निस्केर गई मानिसहरुले पश्चताप गरुन् भनी प्रचार गरे । (१३) तिनीहरुले धेरै भूतहरुलाई निकाले, र धेरै रोगीहरुलाई तेलले अभिषेक गरेर निको पारे ।

१ कोरिन्थी ४:२० किनकि परमेश्वरको राज्य कुरामा होइन, तर शक्तिमा हुन्छ ।

- यो आज्ञा उहाँको वास्तविक चेलाहरुका लागि मात्र होइन :

लूका १०:१–३ यसपछि प्रभुले अरु सत्तरी जनालाई नियुक्त गर्नुभयो, र आफू जान लाग्नुभएको हरेक सहर र गाउँमा आफूभन्दा अगाडि तिनीहरुलाई दुई दुई जना गरी पठाउनुभयो । (२) उहाँले तिनीहरुलाई भन्नुभयो, फसल त प्रशस्त छ, तर खेतालाहरु थोरै छन् । यसकारण फसलका प्रभुलाई प्रार्थना गर, र उहाँले आफ्नो फसलमा खेतालाहरु पठाइदेऊन् । (३) जाओ, हेर, म तिमीहरुलाई ब्वाँसाहरुका बीचमा भेडाका पाठाहरुझैं पठाउँछु । . . . (९) त्यहाँ भएका रोगीहरुलाई निको पार, र तिनीहरुलाई भन, परमेश्वरको राज्य तिमीहरुका नजिक आइपुगेको छ। . . . . (१७) ती सत्तरी जना आनन्दसाथ फर्केर आई यसो भने, प्रभुज्यू, तपाईको नाउँमा भूतहरु पनि हाम्रा वशमा आउँछन् । (१८) उहाँले तिनीहरुलाई भन्नुभयो, मैले शैतानलाई स्वर्गबाट बिजुलीझैं खसिरहेको देखें । (१९) मैले तिमीहरुलाई सर्पहरु र बिच्छीहरु कुल्चने र शत्रुको सारा शक्तिमाथि अधिकार दिएको छु, र कुनै कुराले तिमीहरुलाई हानि गर्नेछैन । (२०) तापनि दुष्टात्माहरु तिमीहरुको वशमा छन् भनेर रमाउने होइन, तर तिमीहरुका नाउँ स्वर्गमा लेखिएका छन् भनेर नै रमाओ ।

मत्ती २८ :१९–२० यसकारण जाओ, र सबै देशका जातिहरुलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरुलाई बप्तिस्मा देओ, (२०) मैले तिमीहरुलाई आज्ञा गरेका (जसले

चंगाइलाई पनि समेटेको छ) सबै कुरा पालन गर्न तिनीहरुलाई सिकाओ । हेर, म युगको अन्त्यसम्म सधैँ तिमीहरुका साथमा छु ।

४. चंगाइका क्षेत्रहरु

भजनसंग्रह १०३:२–५ हे मेरो प्राण, परमप्रभुको प्रशंसे गर र उहाँका सबै उपकारहरु नबिर्सी (३) जसले तेरा सबै पापहरु क्षमा गर्नुहुन्छ, र तेरा सबै रोगहरु निको पार्नुहुन्छ, (४) जसले तेरो जीवनलाई मृत लोकबाट मुक्त गर्नुहुन्छ र तँलाई करुणा र कृपाको मुकुट लगाइदिनुहुन्छ, (५) जसले, तेरा इच्छाहरु उत्तम कुराले तृप्त गर्नृहुन्छ, ताकि तेरो जवानी चीलको जस्तै फेरि नयाँ होस् ।

५. चंगाइका आधारहरु

**क. करार**

चिन्हहरु र अश्चर्यपूर्ण कार्यहरु सबै पुरानो र नयाँ करारका भागहरु हुन्

प्रस्थान ३४:१० तब परमप्रभुले भन्नुभयो, "हेर, तँसँग म एउटा करार बाँध्छु । तेरा सारा मानिसहरुकैं साामु म यस्ता आश्चर्यका कामहरु गर्नेछु, जो सारा पृथ्वीमा कुनै जातिमा कहिल्यै गरिएका छैनन् । यी मानिसहरु, जसका बीचमा तँ छस्, तिनीहरुले देख्नेछन् कि म, परमप्रभु तेरा लागि एउटा आश्चर्यपूर्ण काम गर्नेछु ।"

हिब्रू २:३–४ तब हामीले यति महान् मुक्तिको वास्ता राखेनौँ भने हामी कसरी उम्कौंला ? यो मुक्ति सर्वप्रथम प्रभुबाटै घोषणा गरिएको थियो, र उहाँको वचन सुन्नेहरुद्धारा हाम्रा निम्ति पक्का साबित गरियो । (४) परमेश्वरले पनि चिन्हहरु, अचम्मका कामहरु, विभिन्न आश्चर्यकर्महरु र उहाँको आफ्नो इच्छाबमोजिम बाँडिएका पवित्र आत्माका वरदानहरुद्धारा यस कुराको गवाही दिनुभयो ।

यशैया ५३:४–५ निश्चय नै उसले हाम्रा निर्बलताहरु (दलिनु वा थकित हुनुको मुल अर्थ चाहिँ; कमजोर, विरामी, सताइएको) बोक्यो, र हाम्रा दु:ख (शोक, सातावट, पिडा) भोग्यो, तापनि हामीले उसलाई परमेश्वरबाट हिर्काइएको, उहाँबाट पिटिएको र दु:खमा परेको सम्झ्यौं । (५) तर ऊ त हाम्रा अपराधहरुका निम्ति छोडियो । हाम्रा अधर्मका निम्ति ऊ पेलियो । हामीमा शान्ति ल्याउने कोर्राको चोटले हामी निको भयौं ।

- तलका खण्डहरुमा देखे झैं चंगाइले दुबै आत्मिकि र शारीरिक चंगाइलाई जनाउँदछ ।

मत्ती ८:१६–१७ जब साँझ पर्‍यो, तब तिनीहरुले उहाँकहाँ भूत लागेका धेरै जनालाई ल्याए । र उहाँले वचनद्धारा नै भूतहरुलाई निकाल्नुभयो, र जति बिरामी थिए, सबैलाई निको पार्नुभयो ।(१७) यशैया अगमवक्ताले बोलेको अगमवाणी पूरा हुनलाई यो भएको थियो, उहाँ आफैले हाम्रा दुर्बलताहरु लिनुभयो, र हाम्रा रोगहरु उठाइलानुभयो ।

- पत्रुसले यशैयलाई यसरी बुझाउँछ :

१ पत्रुस २:२४ हामी पापका लेखि मरेर धार्मिकताको लेखि जिऔं भनी उहाँले क्रूसमा आफ्नै शरीरमा हाम्रा पाप बोक्नुभयो । उहाँकै चोटहरुद्धारा तिमीहरु निको भयौ । (२५) किनभने तिमीहरु भेडाहरुझैं बरालिरहेका थियौ, तर अब तिमीहरुका आत्माको गोठाला र संरक्षककहाँ फर्किआएका छौं ।
प्रेरित ४:१० तपाईहरु सबैलाई र इस्राएलका सारा मानिसलाई थाहा होस्, कि तपाईहरुले क्रूसमा टाँग्नुभएको र परमेश्वरले मृतकबाट जीवित पार्नुभएका, उनै नासरतका येशू खीष्टको नाउँमा यो मानिस तपाईहरुका सामुन्ने निको भएर उभिएको छ ।

**ख. राज्य**

लूका १०:९ त्यहाँ भएका रोगीहरुलाई निको पार र तिनीहरुलाई भन, परमेश्वरको राज्य तिमीहरुका नजिक आइपुगेको छ ।

लूका १७:२१ न त मानिसहरुले भन्नेछन्, हेर यहाँ छ! अथवा त्यहाँ छ! किनभने हेर, परमेश्वरको राज्य तिमीहरुकै बीचमा छ ।

- राजाले जहाँ शासन गर्छ त्यही नै परमेश्वरको राज्य हो । यस समयमा परमेश्वरको राज्य चाहिँ स्वेच्छा साथ र व्यक्तिगत रुपमा प्राप्त गरिएकाहरुमा छ । जहाँ स्वेच्छा साथ आज्ञापालन गरिएको छ । दिन आउँदैछ, भविष्यमा, जब उहाँको आज्ञाहरु स्वेच्छा साथ वा इच्छा विपरीत पालन गरिनेछन् ।

- त्यो व्यक्ति जसले परमेश्वरको आज्ञापालन गर्दछ ऊ चाहिँ उहाँको अधिकार भित्र हुनेछ र राज्यको अधिकार दिइनेछ जसमा चंगाइको अधिकार पनि छ । राज्यमा स्वस्थ चाहिँ विशेष अधिकार हो । त्यस राज्यले शैतानलाई, पापलाई, रोगहरुलाई र मृत्युलाई हराएको छ (हिब्रू २:१४) ।

६. कसरी चंगाइलाई प्रतिकृया दिने भन्ने बारे उदाहरण

**पत्रुसको उदाहरण**

प्रेरित ४:९–१२ आज हामीले एक जना लङ्गडो मानिसप्रति एउटा असल काम गरेको विषयमा त्यो कुन उपायले निको पारियो भनेर प्रश्न गर्नुहुन्छ भने, .(१०) तपाईहरु सबैलाई र इस्राएलका सारा मानिसलाई थाहा होस्, कि तपाईहरुले क्रूसमा टाँग्नुभएको र परमेश्वरले मृतकबाट जीवित पार्नुभएका, उनै नासरतका येशू खीष्टको नाउँमा यो मानिस तपाईहरुका सामुन्ने निको भएर उभिएको छ । (११) यो त्यही ढुङ्गो हो, जो तपाई, निर्माताहरुले इन्कार गर्नुभएको थियो, सो अहिले कुनाको शिर ढुङ्गो हुन आएको छ ।)१२) अरु कसैमा मुक्ति छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरुमा अर्को कुनै नाउँ दिइएको छैन ।

- यस पदले हामीलाई यो देखाउँछ कि चंगाइ चाहिँ मुक्तिसँगै समावेश गरिएको छ ।

**येशूको उदाहरण**

यूहन्ना ५:३० "म आफै केही गर्न सक्दिनँ। जस्तो म सुन्छु त्यसतै न्याय म गर्छु र मेरो न्याय ठीक ठहर्छ किनकि म आफ्नो इच्छा खोज्दिनँ, तर मलाई पठाउनुहुनेको इच्छा खोज्दछु।"

यूहन्ना १४:१०–१४ म पितामा छु, र पिता ममा हुनुहुन्छ भनेर के तिमी विश्वास गर्दैनौ ? जुन वाणी म तिमीहरुलाई भन्दछु त्यो मैले मेरो आफ्नै अधिकारमा बोलेको होइनँ तर ममा वास गर्नुहुने पिताले आफ्नो काम गर्नुहुन्छ। (११) मलाई विश्वास गर, कि म पितामा छु, र पिता ममा हुनुहुन्छ। नत्रभने यी कामहरुकै खातिर विश्वास गर। (१२) साँच्चै, म तिमीहरुलाई भन्दछु, जसले मलाई विश्वास गर्दछ, त्यसले मैले गरेका काम पनि गर्नेछ, र तीभन्दा ठूला काम गर्नेछ, किनभने म पिताकहाँ गइरहेछु। (१३) तिमीहरुले मेरो नाउँमा जेसुकै मागे तापनि पुत्रमा पिताको महिमा होस् भनेर म त्यो गर्नेछु। (१४) तिमीहरुले मेरो नाउँमा कुनै थोक माग्यौ भने म गरिदिनेछु।

यूहन्ना १७:४ पिता... जुन काम तपाईले मलाई दिनुभयो, त्यो पूरा गरी तपाईलाई पृथ्वीमा मैले महिमित तुल्याएको छु।

७. चंगाइको रहस्य

**क. चंगाइको लागि अधिक र कम मात्राको अभिषेक**

१. कतिपय समयका चंगाइको लागि अधिक अभिषेक हुँदछ

लूका ५:१७ एक दिन उहाँ शिक्षा दिइरहनुहुँदा गालील र यहूदियाको हरेक गाउँ र यरुशलेमबाट आएका फरिसीहरु र शास्त्रीहरु नजिकै बसिरहेका थिए। परमप्रभुको निको पार्ने शक्ति उहाँसँग थियो।

प्रेरित १९:११–१२ परमेश्वरले पावलको हातबाट असाधारण आश्चर्य कामहरु गर्नुभयो, (१२) यहाँसम्म कि रुमाल अथवा पछ्यौरा तिनको शरीरमा छुवाएर बिरामीहरुकहाँ लगिन्थे, र तिनीहरुका शरीरबाट रोग जान्थे र दुष्टात्मा पनि निस्कन्थे।

२. कतिपय समयमा चंगाइको लागि कम अभिषेक हुँदछ

मर्कूस ६:१–६ त्यहाँबाट निस्केर उहाँ आफ्नै नगरमा फर्कनुभयो। उहाँका चेलाहरु उहाँको पछि लागे। (२) शवाथ दिमा उहाँले सभाघरमा शिक्षा दिन लाग्नुभयो। धेरै जना जुन्नेहरुले छक्क परेर भने, यस मानिसले यी सब कहाँबाट पायो ? यिनलाई दिइएको यो ज्ञान कस्तो हो ? यिनका हातबाट भएका कार्यहरु कति शक्तिशाली ?(३) के यिनी त्यही सिकर्मी होइनन् र? कै यिनी त मरियमका छोरा तथा याकूब, योसेफ, यहूदा र सिमोनका दाजु होइनन् र ? के यिनका बहिनीहरु पनि हामीसँगै छैनन् र ? अनि तिमीहरु उहाँसँग चिढिए। (४) तब येशूले तिनीहरुलाई भन्नुभयो, अगमवक्तालाई आफ्नो देश र आफ्नो नातादारहरका बीचमा र आफ्नै घरमा बाहेक अन्त कही अनादर हुँदैन। (५) र उहाँले त्यहाँ कुनै कुनै रोगीहरुमाथि आफ्ना हात राखेर तिनीहरुलाई निको पार्ने कामबाहेक अरु कुनै शक्तिशाली काम गर्नु सक्नुभएन।

येशूले केही अचम्मका कामहरु गर्नुभएको थियो (२ पद) ती मध्ये उनीहरुले देखे । तरैपनि उनीहरुले उहाँलाई र उहाँले उनीहरुका लागि जे गर्न सक्नुहुन्थ्यो त्यसलाई विरोध गरे र इन्कार गरे ।
हामीले कोही जो चंगाइ हुन चहान्छन् र इच्छा गर्छन् तर चंगाइ हुँदैनन् उनीहरु प्रति त्यसै आफ्नो निर्णय बनाउँनुहुदैन । माथि भने झैं कतिपय समयहरुमा चंगाइ गर्नका लागि हाम्रो अभिषेक कम भएको हुन्छ । यस्तै खालको मामिलाहरुमा, हामीहरुले त्यस व्यक्तिको चंगाइका लागि निरन्तर मागि रहनुपर्छ, खोजी रहनुपर्छ, ढकढकाइ रहनुपर्छ ।

२ तिमोथी ४:२० इरास्तस कोरिन्थमै रहे, त्रोफिमसलाई त मैले मिलेटसमा बिरामी अवस्थामा छोडे । पावलले "असाधारण अचम्मका कामहरु गरेका थिए" तर उनले आफ्नो मित्र त्रोफिमसलाई बिरामी अवस्थामा छोडें । **किन** ? यसले अर्को बुदालाई चित्रण गर्दछ :

**३. तपाईले चंगाइको लागि प्रार्थना गर्दा सबै जाना निको हुन्छ भन्नेछैन**

हामीले यसलाई स्वीकार गर्नुपर्छ र भन्नुपर्छ कि **हामीलाई थाहा छैन किन** कोही चाहिँ चंगाइ हुन्छन् र कोही चाहिँ हुँदैनन् ।

आफैलाई नदोष्याइकन र जसको सेवकाई गर्छौ उनीहरुको विश्वासलाई पनि नदोष्याइकन हामीले जोड दिनुपर्छ ।
पवित्र आत्माको बप्तिस्माले हामीलाई अचम्मको काम **गर्न**को लागि शक्ति दिनुहुन्छ :
प्रेरित १:८ तर पवित्र आत्मा तिमीहरुमा आउनुभएपछि तिमीहरुले शक्ति पाउनेछौ, र तिमीहरु यरुशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ ।
पवित्र आत्माको बप्तिस्माले हामीलाई जब अचम्मको कार्यहरु र चंगाइहरु हुँदैनन् त्यस्तो बेला पनि दृढ भएर बस्नको लागि शक्ति दिनुहुन्छ ।

**४. "किन" भन्ने प्रश्न प्रति हामीले कसरी प्रतिकृया दिने ?**

मत्ती १७:१९ तब चेलाहरुले येशूकहाँ गुप्तमा आएर भने, हामीहरुले त्यसलाई किन निकाल्न सकेनौ ?
१ कोरिन्थी १३:८–१० **प्रेमको कहिल्यै अन्त्य हुँदैन** . . . (९) हाम्रो ज्ञान अपूर्ण छ, हाम्रो अगमवाणी अपूर्ण छ । (१२) अहिले हामी ऐनामा जस्तै धमिलोसँग देख्छौं, तर त्यस बेलाचाहिँ छर्लङ्ग देख्नेछौं । अहिले म थोरै मात्र बुझ्दछु, त्यस बेलाचाहिँ पूरै बुझ्नेछु, जसरी म पनि पूर्ण रुपले चिनिएको छु । (१३) अब विश्वास, आशा, प्रेम, यी तीन रहन्छन्, तर यिनमा सर्बोत्तमचाहिँ प्रेम नै हो ।
हामीले आफैलाई नम्र बनाउँन सक्नुपर्छ र "किन" भन्ने प्रश्न प्रति "मलाई थाहा छैन" भन्ने उत्तर दिएर प्रतिकृया दिनुपर्छ ।
हाम्रो नम्रता र इच्छुकता साथ "मलाई थाहा छैन" भन्ने भनाईले हाम्रो "असफलताको" अनुभवहरुले हाम्रो विश्वासलाई परिभाषीत गर्न दिँदैन, हामीलाई अविश्वासको चक्रको तल्लो भगमा पुऱ्याउँछ ।

हामीले सिर्फ प्रभुको आज्ञापालन गर्नुपर्छ र हामीले जे देख्छौं वा देख्दैनौ त्यस बाहेक पनि जोड दिनुपर्छ ।

येशूले भन्नुभयो, हामीलाई भन्नुभयो :
मत्ती १०:८ बिरामीहरुलाई निको पार, मरेकाहरुलाई जीवित पार, कुष्ठ रोगीहरुलाई शुद्ध पार, भूतहरुलाई निकाल । तिमीहरुले सित्तैंमा पायौ, सित्तैंमा देओ ।

प्रेरित ५:३२ यी सबै कुराका हामी साक्षी छौ, त्यस्तै गरी पवित्र आत्मा पनि जसलाई परमेश्वरले आफ्ना आज्ञा पालन गर्नेहरुलाई दिनुभएको छ । "रोगीलाई निको पार्नुभयो"
लूका ६:४६ मैले भनेका कुरा गर्दैनौ भने किन मलाई प्रभु, प्रभु भन्दछौ ?

यो चाहिँ जोन विम्बरले भने जसै हो: *"म सिर्फ "पवित्र आत्मा आउँनुहोस्" भन्छु" मलाई थाहा छ कि त्यो चाहिँ म आफै होइन, यसैले म घमण्ड गर्दिन जब उनीहरु चंगाइ हुन्छन् र जब उनीहरु चंगाइ हुँदैनन् त्यति बेला म आफैलाई दोष दिँदिन वा म असफल भएको महसुस गर्दिन ।*

५. कोही चाहिँ अरुहरु भन्दा धेरै अभिषेक वा बरदान पाएका हुन्छन्

१ कोरिन्थी १२:१४–१९ किनकि शरीर एउटै अङ्गबाट मात्र होइन तर धेरै अङ्गहरुबाट बनिएको हुन्छ । (१५) यदि खुट्टाले म हात होइन, यसैले म शरीरको अङ्ग होइन भन्यो भने, के त्यो शरीरको अङ्ग हुँदैन र ? (१६) र कानले म आँखा होइनँ, यसैले म शरीरको अङ्ग होइनँ भन्यो भने, के त्यो शरीरको अङ्ग हुँदैन र ?(१७) यदि जम्मै शरीर र आँखा हुँदो हो त सुन्ने कहाँबाट ? यदि जम्मै शरीर कान हुँदो हो त सुँघने कहाँबाट ? (१८) तर परमेश्वरले आफ्नो इच्छाबमोजिम शरीरमा हरेक अङ्ग मिलाएर राखिदिनुभएको छ ।
१ कोरिन्थी १२:२८–३१ परमेश्वरले मण्डलीमा पहिलो प्रेरितहरु, दोस्रो अगमवक्ताहरु, तेस्रो शिक्षकहरु, तब अश्चर्यकाम गर्नेहरु, र निको पार्ने वरदान पाएकाहरु, सहायता गर्नेहरु, प्रशासन गर्नेहरु, विभिन्न भाषा बोल्नेहरु नियुक्त गर्नुभएको छ । (२९) के सबै प्ररितहरु हुन् ? के सबै अगमवक्ता हुन् ? के सबै शिक्षक हुन् ? के सबै आश्चर्यकर्म गर्नेहरु हुन् ?(३०) के सबैसँग निको पार्ने वरदानहरु हुन्छन् ? के सबैले अर्थ खोल्न सक्छन् र ? (३१) तर अझ उच्च वरदानहरुको उत्कट इच्छा गर । अनि म तिमीहरुलाई झन् उत्तम मार्ग बताउँछु ।
अन्य प्रेरितहरु भन्दा पत्रुस र पावलले धेरै अभिषेक पाएको देखिन्छ :
प्ररित ५:१२ अब प्रेरितहरुका हातबाट धेरै चिन्हहरु र आश्चर्यकर्महरु जनताका बिचमा हुन लागे, र तिनीहरु सबै सबै सोलोमनको दलानमा एकसाथ जम्मा भएका थिए । (१३)......मानिसहरुले तिनीहरुलाई आदर गर्थे । (१५) यहाँसम्म कि मानिसहरुले सडक सडकसम्म बिरामीहरुलाई ल्याए, र पत्रुस आउँदा तिनको छाया मात्र भए पनि तिनीहरुमध्ये कोही कोहीमाथि परोस् भनी ओछ्यान र खाटहरुमा तिनीहरुलाई लेटाइराख्थे । (१६) यरुशलेमका वरिपरिका शहरहरुबाट पनि धेरै मानिसहरुले बिरामीहरु र अशुद्ध आत्माले सताएकाहरुलाई लिएर आउँथे र ती सबै निको हुन्थे ।

प्रेरित १९:११–१२ परमेश्वरले पावलको हातबाट असाधारण आश्चर्य कामहरु गर्नुभयो, (१२) यहाँसम्म कि रुमाल अथवा पछ्यौरा तिनको शरीरमा छुवाएर बिरामीहरुकहाँ लगिन्थे, र तिनीहरुका शरीरबाट रोग जान्थे र दुष्टात्मा पनि निस्कन्थे ।

अन्य डिकनहरु भन्दा स्तिफनस र फिलिपमा धेरै अभिषेक भएको देखिन्छ :

प्रेरित ६:८ स्तिफनासले अनुग्रह र शक्तिले पूर्ण भएर मानिसहरुका बीचमा ठूला ठूला अचम्मका काम र चिन्हहरु गरे ।

प्रेरित ८:६ फिलिपले भनेका वचन सुनेर अनि तिनले गरेका चिन्हहरु देखेर, भीडले एक मनका भई तिनका कुरामा ध्यान दिए । (१३) सिमोन आफैले पनि विश्वास गऱ्यो । त्यसले बप्तिसमा लियो, र त्यो फिलिपसँग लागिरहयो, र चिन्हहरु र ठूला ठूला अचम्मका काम गरेको देखेर त्यसलाई आश्चर्य लाग्यो ।

कोहीसँग चंगाइ गर्नको लागि धेरै अभिषेक वा वरदान होला, सुसमाचार सुनाउँन वा शिक्षा दिनका लागि पनि, यसको निश्चित अर्थ यो होइन कि बाँकि अरुहरुले चंगाइको लागि प्रार्थना गर्न नहुने, अरुलाई येशूको प्रेमको बारेमा बताउँन नहुने वा अरुलाई सिकाएर चेला बनाउँन नहुने । हामीहरु सबैलाई प्रभुले उहाँको सेवकको रुपमा आज्ञा गर्नुभएको छ ।

र प्रभुले जो कोहीलाई पनि प्रयोग गर्नुहुन्छ किनभने यो एउटा व्यक्तिले मात्र गरिरहेको सेवकाई बारे होइन तर प्रभुको प्रेम र आवश्यकतामा परेको व्यक्तिको चाहानाको बारेमा हो ।

मोशाले मरुभूमिमाा देखेको "जलिरहेको पोथ्रा" अन्य भन्दा "विशेष" थिएन । त्यसको प्रयोग गरिएको थियो किनभने त्यो समयमा मोशा त्यही थियो । जुनैसकै पुरानो पोथ्रा भए पनि हुन्थ्यो । हामी सबैले यो याद गर्नुपर्छ कि – प्रभुले, उहाँले इच्छा गर्नुभएको जुनै पनि समयमा वा इच्छा अनुसार "म जस्तो सानो पुरानोलाई" प्रयोग गर्नुसक्नु हुन्छ किनभने यो "मेरो" लागि होइन तर म जहाँ छु त्यँही भएका आवश्यत्तामा भएका मनिसहरुका लागि हो ।

भाइ हो, जब तिमीहरु बोलाइएका थियौ, तिमीहरु कस्ता थियौ ? सो विचार गर । संसारिक स्तरअनुसार तिमीहरुमध्ये धेरै जना बुद्धिमान्, धेरै जना शक्तिशाली र धेरै जना खानदानी थिएनौ । (२७) तर बुद्धिमान्लाई शर्ममा पार्न परमेश्वरले संसारका मूर्ख कुराहरुलाई छान्नुभयो, र शक्तिशालीलाई शर्ममा पार्नलाई परमेश्वरले संसारका निर्बल कुराहरुलाई छान्नुभयो । (२८) परमेश्वरले संसारका नीच र तुच्छ ठहरिएका कुराहरुलाई चुन्नुभयो, यस हेतुले कि जुन कुरा छन् ती व्यर्थ ठहरिऊन् (२९) र कुनै प्राणीले परमेश्वरको सामुन्ने अहङ्कार नगरोस् । (३०) परमेश्वर नै ख्रीष्ट येशूमा तिमीहरुका जीवनको स्रोत हुनुहुन्छ, ख्रीष्टलाई नै उहाँले हाम्रा बुद्धि, हाम्रा धार्मिकता र पवित्रता र हाम्रा उद्धार बनाउनुभयो ।

१ कोरिन्थी १:२७–२९

मर्कूस १६:१५ अनि उहाँले तिनीहरुलाई भन्नुभयो, "सारा संसारमा भएर सारे सृष्टिलाई सुसमाचार प्रचार गर ।" ....(१७) विश्वास गर्नेहरुसँग यी चिन्हहरु हुनेछन् – मेरो नाउँमा तिनीहरुले भूतहरु धपाउनेछन्, तिनीहरुले नयाँ भाषाहरुमा बोल्नेछन्, (१८) तिनीहरुले सर्पहरु समात्नेछन् र कुनै विषालु कुरा पिए तापनि कुनै किसिमले त्यसले तिनीहरुको हानि गर्नेछैन । तिनीहरुले रोगीहरुमाथि आफ्ना हात राख्नेछन् र तिनीहरु निको हुनेछन् ।

**ख. विश्वासको सिद्धान्त भनेको चंगाइ प्राप्त गर्नु हो**

मत्ती ९:२२ फनक्क फर्की हेर्दा येशूले त्यस स्त्रीलाई देख्नुभयो, र भन्नुभयो, “छोरी, साहस गर, तिम्रो विश्वासले तिमीलाई निको पारेको छ ।” त्यो स्त्री त्यही घडी निको भई ।

मत्ती ९:२९, ३० तब उहाँले तिनीहरुका आँखा छोएर भन्नुभयो, “तिमीहरुको विश्वासअनुसार तिमीलाई होस् ।” (३०) अनि तिनीहरुका आँखा खोलिए ।

मत्ती १३:५८ अनि तिनीहरुको अविश्वासले गर्दा उहाँले त्यहाँ शक्तिका धेरै कामहरु गर्नुभएन ।

तरैपनि, यस्तो देखिन्छ कि खोराजीन र बेथसेदामा उनीहरुमा कुनै विश्वास नभएतापनि र उनीहरुले जे देखेका थिए त्यसमा कुनै पनि प्रतिकृया नदेखाएता पनि त्यहाँ अचम्मको काम भएको थियो ।

मत्ती ११:२०–२४ जुन–जुन सहरमा उहाँका धेरैजसो शक्तिशाली कामहरु गरिएका थिए, उहाँले तिनलाई धिक्कार्न लाग्नुभयो, कारण तिनीहरुले पश्चात्ताप गरेननर ।(२१)“धिक्कार तँलाई, ए खोराजीन! धिक्कार तँलाई, ए बेथसेदा! किनकि तिमीहरुमा गरिएका शक्तिशाली कामहरु टुरोस र सीदोनमा गरिएका भए तिनीहरुले उहिले नै भाङ्ग्रा लाएर र खरानी धसेर पश्चात्ताप गरिसक्नेथिए । (२२) तर म तिमीहरुलाई भन्दछु, न्यायको दिनमा तिमीहरुको भन्दा त टुरोस र सीदोनको हालत बढी सहनीय हुनेछ । (२३) ए कफर्नहुम, के तँ आकाशसम्मै उचालिनेछस् र ? तँ पातालसम्म खसालिनेछस् । किनकि तँमा गरिएका शक्तिशाली कामहरु सदोममा गरिएका भएदेखि त्यो आजको दिनसम्म रहिरहनेथियो । (२४) तर म तिमीहरुलाई भन्दछु, न्यायको दिनमा तेरो भन्दा त सादोम मुलुकको हालत बढी सहनीय हुनेछ ।

मत्ती २१:२०–२२ यो देखेर चेलाहरुले अचम्म मानेर भने, “यो अञ्जीरको बोट कसरी तुरुन्तै ओइलाइहाल्यो ?” (२१) येशूले जवाफ दिएर तिनीहरुलाई भन्नुभयो, “साँच्चै, म तिमीहरुलाई भन्दछु, तिमीहरुमा विश्वास छ र कहिल्यै शङ्का गरेनौ भने, अञ्जीरको बोटलाई जे गरियो त्यति मात्र होइन, तर यस डाँषलाई पनि उखेलिएर समुद्रमा खस भन्यौ भने सो हुनेछ ।” (२२) विश्वास गरेर प्रार्थनामा जे माग्छौ त्यो तिमीहरुले पाउनेछौ ।”

हिब्रू ११:६ विश्वासविना परमेश्वरलाई प्रसन्न पार्नु असम्भव छ । किनकि जो परमेश्वरको नजिक आउँछ, त्यसले परमेश्वर हुनुहुन्छ र उहाँलाई खोज्नेहरुलाई उहाँले प्रतिफल दिनुहुन्छ भन्ने पक्का विश्वास गर्नुपर्छ ।

जब हामी केही पनि नभएको देख्न थाल्दछौ तब माथिका पदहरुले निराश ल्याउँन सक्छ र ल्याउँदै पनि गर्छ । हामी यस्तो निश्कर्षमा आउँछौ कि : “ परमेश्वरले मलाई चंगाइ गर्नका लागि प्रयोग गर्नुहुन्न ।” वा, “ममा पर्याप्त मात्रामा विश्वास छैन” र हामी अयोग्य छौ भन्ने अनुभव हुँदछ र प्राय शत्रुबाट दोस्याइदछौं ।

हामीले विश्वासको सिदान्तलाई सबै जाना निको हुनुपर्छ भन्ने नियममा परिवर्तन गर्नुहुदैन । किनभने जब सबै जाना निको हुँदैनन्, निराशाले हामीलाई ती आवश्यत्तामा भएका व्यक्तिहरुका लागि प्रार्थना गर्नका लागि बाधा दिन्छ वा रोक्छ ।

हाम्रो विश्वासको अवस्थालाई वास्था नराखि चंगाइका कामहरु हुनेछन् ।

परिणामहरु नदेखिएता पनि विश्वास चाहिँ रहिरहन्छ । हामी थोमा जस्तो हुनुहुँदैन :
यूहन्ना २०:२५ यसकारण अरु चेलाहरुले तिनलाई भने, “हामीले प्रभुलाई देख्यौं ।” तर तिनले उनीहरुलाई भने, “जबसम्म म उहाँका हातमा कीलाहरुका डोब देख्दिनँ, र कीलाहरुका डोबमा मेरा औँला हाल्दिनँ, उहाँको कोखमा मेरो हात हाल्दिन, तबसम्म म विश्वास गर्नेछैनँ ।”
प्रभुलाई कमजोरहरुलाई, केही महत्व नभएकाहरुलाई र अयोग्यहरु (हाम्रो नजरमा)लाई उहाँमा महिमा ल्याउँन र आवश्यत्तामा परेकाहरुलाई सहयोग गर्न प्रयोग गर्न मन पर्छ ।
१ कोरिन्थी १:२६–२९ भाइ हो, जब तिमीहरु बोलाइएका थियौं, तिमीहरु कस्ता थियौं ? सो विचार गर । सांसारिक स्तरअनुसार तिमीहरुमध्ये धेरै जना बुद्धिमान्, धेरै जना शक्तिशाली र धेरै जना खानदानी थिएनौं ।(२७) तर बुद्धिमान्हरुलाई शर्ममा पार्न परमेश्वरले संरारका मूर्ख कुराहरुलाई छान्नुभयो, र शक्तिशालीलाई शर्ममा पार्नलाई परमेश्वरले संसारका निर्बल कुराहरुलाई छान्नुभयो । (२८) परमेश्वरले संसारका नीच र तुच्छ ठहरिएका कुराहरुलाई चुन्नुभयो । यहाँसम्म कि नगण्य कुराहरुलाई पनि चुन्नुभयो, यस हेतुले कि जुन कुरा छन् ती व्यर्थ ठहरिऊन्, (२९) र कुनै प्राणीले परमेश्वरको सामुन्ने अहङ्कार नगरोस् ।

### ग. उनीहरुको जीवनमा पापको सिदान्तहरु

यो सत्य सिदान्त हो कि रोगहरुलाई पापसँग सम्बन्धित गर्न सकिन्छ । तर रोग चाहिँ सधैं पापको परीणाम **हुँदैन** । अन्य कारणहरुले गर्दा पनि रोगहरु लाग्न सक्छन् (वशांणुगत, एउटा मान्छेबाट अर्को मान्छेमा व्याक्टेरिया वा भाइरसको संक्रमण, दुर्घटना आदि । )
यूहन्ना ५:१४ त्यसपछि येशूले त्यसलाई मन्दिरमा भेट्टाएर भन्नुभयो, “हेर, तिमी निको भएका छौ । फेरि पाप नगर, र तिमीमाथि अझ बढी खराबी आई नपरोस् ।”
यो स्पष्ट छ कि पापले रोगको लागि र शत्रुहरुको आक्रमणको लागि ढोका खोल्द छ । तरैपनि, यो एकदमै महत्वपूर्ण छ कि हामीले कहिले पनि मानिसहरुलाई उनीहरु निको भएनन् किनभने उनीहरुको विश्वास पर्याप्त थिएन वा उनीहरुको जीवनमा भएको पापले उनीहरुलाई निको हुन रोकेको छ भनेर कहिले पनि भन्नुहुदैन ।
येशूले त्यस पक्षघातीलाई निको पार्नुभए पछि उससँग मात्र पापको बारेमा बोल्नुभयो । येशूले निको पार्नुभएको सबै मानिसहरुले उनीहरुको जीवनमा पाप गरेका थिए जसरी हामीहरुले पनि हाम्रो जीवनको कुनै क्षणहरुमा गरेका थियौं । चंगाइमात्र हो जसले येशू प्रतिको महान् प्रेम र कदर ल्याउँछ जसले मानिसलाई पश्चताप र प्रतिवद्धतामा डोऱ्याउँछ । (रोमी २:४)
हामीले कहिल्यै पनि यस्तो भन्नुहुदैन जस्तै, “तिमीले पाप गरेको हुनुपर्छ ।” शत्रु र हाम्रो आफ्नै दिमागले धेरै दोष र पछुतो ल्याउँदछ ।
पवित्र आत्माले तपाईलाई स्पष्ट गरि बताउँनुहुन्छ कि कुन पाप चाहिँ समस्या भएको छ, यदि उनीहरुलाई यससँग समस्या छ भने तपाईले त्यस व्यक्तिलाई सोध्नु सक्नुहुनेछ, र त्यसै हो भने उनीहरुलाई स्वीकार गर्न तीर र त्यसबाट अहिले र सधैंको लागि फर्कनको लागि डोऱ्याउँनुहोस् ।
हामीले कहिल्यै पनि मानिसहरुलाई उनीहरुको जीवनमा के पाप चाहिँ छ होला भनेर **हामीहरुको अनुमानको** भरमा प्रश्न गर्नुहुँदैन ।

**घ. दयाको सिद्धान्त**

दयाले येशूलाई कार्य गर्न लगायो  सिकाउँन, खुवाउँन, निको पार्न र मृत्युबाट मानिसलाई उठाउँन। हामीहरुले पनि मानिसहरुलाई जसरी येशूले हेर्नुहुन्छ त्यसरी नै हेर्नु आवश्यक छ र हेर्नुपर्छ  उनीहरुको संकष्टमा उनीहरु प्रति वास्ताका साथ र प्रेमका साथ। यदि हामीहरुको दया साँचो छ भने उनीहरु निको नभए पनि उनीहरुले येशूको प्रेमलाई अनुभव गर्नेछन्।

मत्ती १४:१४ किनार पुगेर त्यस ठूलो भीडलाई देखी उहाँले तिनीहरुलाई टिठ्याउनुभयो, र तिनीहरुका बिरामीहरुलाई निको पारिदिनुभयो।

मत्ती १५:३२ तब येशूले आफ्ना चेलाहरुलाई आफूकहाँ बोलाएर भन्नुभयो, "म यस भीडलाई टिठ्याउँछु, किनभने यिनीहरु मसँग रहेका आज तीन दिन भयो, अनि यिनीहरुसित खानलाई केही छैन । यिनीहरुलाई भोकै पठाउन म चाहन्नँ । नत्रता तिनीहरु बाटोमा लखतरान् होलान्।"

मत्ती २०:३४ येशूले टिठ्याएर तिनीहरुका आँखा छोइदिनुभयो र उत्तिखेरै तिनीहरुले दृष्टि पाए र तिनीहरु उहाँको पछि लागे।

मर्कूस १:४१ तब दयाले भरिएर उहाँले आफ्नो हात पसारी त्यसलाई छुनुभयो, र त्यसलाई भन्नुभयो, "म इच्छा गर्दछु, तिमी निको भइजाऊ।"

मर्कूस ६:३४ जब उहाँ किनारमा उत्रनुभयो तब उहाँले एउटा ठूलो भीड देख्नुभयो, र उहाँले तिनीहरुलाई टिठ्याउनुभयो । किनकि तिनीहरु गोठालो नभएका भेडाहरुजस्ता थिए । र उहाँले तिनीहरुलाई धेरै कुरा सिकाउन लाग्नुभयो।

लूका ७:१३ १६ जब प्रभुले तिनलाई देख्नुभयो, तब तिनलाई टिठ्याएर भन्नुभयो,"नरोऊ।"(१४) अनि नजिक गएर उहाँले अस्थी छुनुभयो, र बोक्नेहरु टक्क अडिए। उहाँले भन्नुभयो, "ए युवक, म तिमीहरुलाई भन्दछु, "उठ।" (१५) तब मृत मानिस उठेर बस्यो, र बोल्न लाग्यो । येशूले त्यसलाई आमाको जिम्मा लगाउनुभयो। (१६) तब सबै भयभीत भए, र परमेश्वरको महिमा गरे, र भने, "एक जना महान् अगमवक्ता हाम्रा बीचमा प्रकट भएका छन्," र "परमेश्वरले आफ्ना प्रजामाथि कृपा गर्नुभएको छ।"

कलस्सी ३:१२ १५ धैर्य धारण गर। (१३) एउटाले अर्कालाई सहने गर, कुनै मानिसको विरुद्धमा केही दोषको कारण छ भने, एक अर्कालाई क्षमा गर्ने गर । जसरी प्रभुले तिमीहरुलाई क्षमा गर्नुभएको छ, त्यसरी तिमीहरुले पनि क्षमा गर्नुपर्छ। (१४) यी सबैभन्दा बढी बरु प्रेम धारण गर, जसले सबै थोकलाई सम्पूर्ण एकतामा एकसाथ बाँध्छ। (१५) ख्रीष्टको शान्तिले तिमीहरुका हृदयमा राज्य गरोस्। साँच्चै, तिमीहरु त्यसको निम्ति एउटै शरीरमा बोलाइएका थियौ। तिमीहरु धन्यवादी होओ।

कसैले राम्रो भनेका छन् : "तपाईलाई कति थाहा छ त्यसको उनीहरुले वास्ता गर्दैनन् जबसम्म उनीहरुले यो बुझ्दैनन् कि तपाईले कतिको वास्ता गर्नुहुन्छ। "

## ८. चंगाइको लागि उत्प्रेरणा  येशूको नाउँको सम्मान

प्रेरित १९:११  २० परमेश्वरले पावलको हातबाट असाधारण आश्चर्य कामहरु गर्नुभयो, (१२)
यहाँसम्म कि रुमाल अथवा पछ्यौरा तिनको शरीरमा छुवाएर बिरामीहरुकहाँ लगिन्थे, र तिनीहरुका
शरीरबाट रोग जान्थे र दुष्टात्मा पनि निस्कन्थे। (१३) तर कुनै कुनै यताउता घुमफिर गर्ने यहूदी
झारफूकेहरुले भूतात्मा लागेकाहरुलाई प्रभु येशूको नाउँ उच्चारण गर्दै यसो भने, "पावलले प्रचार
गरेका येशूद्वारा म तँलाई आज्ञा गर्दछु।" (१४) त्यहाँ एक जना स्केवास नाउँ भएको यहूदी प्रधान
पूजाहारीका सात जना छोराहरुले यसो गर्थे। (१५) तब भूतात्माले जवाफ दिएर तिनीहरुलाई भन्यो,
"येशूलाई म चिन्छु, र पावललाई पनि म चिन्छु, तर तिमीहरुचाहिँ को हौ ?" (१६) त्यो भूतात्मा
भएको मानिस तिनीहरुमाथि उफ्रँदै आयो, र तिनीहरु सबैलाई वशमा पारेर तिनीहरुलाई पछार्‍यौ र
तिनीहरु त्यस घरबाट नाङ्गो र घाइते भएर भागे। (१७) यो कुरा एफिसस निवासी, यहूदी र
ग्रीकहरुमा जाहेर भयो। अनि तिनीहरु सबैमाथि डर छायो, र प्रभु येशूको नाउँको प्रशंसा भयो। (
१८) विश्वास गरेकाहरु धेरै जना आए, र तिनीहरुले गरेका आफ्ना आफ्ना दुष्ट कामहरुको स्वीकार
गरे र ती प्रकट गरे। (१९) तिनीहरुमध्ये धेरै जना, जस जसले टुनामुना गर्थे, आफ्ना आफ्ना
पुस्तकहरु बटुलेर ल्याए, र सबैका सामुन्ने जलाइदिए। तिनीहरुले तिनको मोल गर्दा पचास हजार
चाँदीका सिक्काको हिसाब लाग्यो। (२०) यसरी प्रभुको वचन फैलँदैगयो, र प्रभावशाली भयो।

हाम्रो उदेश्य भनेको **सधैँ येशू खीष्टको नाउँमा सम्मान र महिमा** ल्याउँनु हो। र हामी आफैँमा चाहिँ होइन।

र येशू उहाँ आफैँ, सधैँ झैँ, हाम्रो उदाहरण हुनुहुन्छ। जसै उहाँले आफ्नो पितालाई भन्नुभए झैँ :

यूहन्ना १७:४ **जुन काम तपाईले मलाई दिनुभयो, त्यो पूरा गरी तपाईलाई पृथ्वीमा मैले महिमित तुल्याएको छु।**

हामीहरुले आफ्नो दैनिक जीवन पवित्र आत्माको शक्तिद्धारा ज्यूनु पर्छ ताकि हामीहरुले पनि यसो सकौँ, "मैले तपाईको महिमा गर्नका लागि आफूले सक्दो गरेकोछु र तपाईले मलाई दिनुभएको काम पुरा गरेकोछु। "

हाम्रो प्रार्थना यहाँ छ :

प्रेरित ४:२९ ३१ अब हे प्रभु, तिनीहरुका धम्कीमाथि नजर गर्नुहोस्, र तपाईका
दासहरुलाई पूरा साहससित तपाईको वचन बोल्न दिनुहोस्, (३०) र निको पार्नलाई तपाईले आफ्नो
बाहुली फैलाउनुहुँदा, आफ्ना पवित्र सेवक येशूको नाउँद्धारा चिन्ह र आश्चर्य कामहरु होऊन्। (३१)
तिनीहरुले प्रार्थना गरिसकेपछि तिनीहरु भेला भएको ठाउँमा कम्प भयो, र तिनीहरु सबै जना पवित्र
आत्माले गरिए, र तिनीहरुले साहससित परमेश्वरको वचन बोले।

## ९.चंगाइका लागि चार प्रकारको विश्वासहरु

**१. “यदि तपाईले सक्नुहुन्छ भने” – एकदमै कमजोर विश्वास**

मर्कूस ९:१७–२९ भीडबाट एक जनाले उहाँलाई जवाफ दियो, “गुरुज्यू, मेरो छोरालाई गूँगो पार्ने आत्मा लागेको छ र तपाईकहाँ ल्याएको छु ।(१८) जब यसले मेरो छोरालाई पक्रन्छ, त्यसलाई भूइँमा पछार्छ, र त्यसले मुखबाट फीज काढ्छ, र त्यसले दाह्रा किट्न लाग्छ, र त्यो अरट्ठै पर्छ । मैले तपाईका चेलाहरुलाई त्यो भूतात्मा निकालिदेऊन् भनी बिन्ती गरें, तर तिनीहरुले सकेनन् ।” (१९) तब उहाँले तिनीहरुलाई जवाफ दिनुभयो, “ए अविश्वासी पुस्ता, म कहिलेसम्म तिमीहरुसँग रहुँला ? तिमीहरुलाई कति सहूँ ? त्यसलाई मकहाँ ल्याओ ।” (२०) तिनीहरुले त्यस केटालाई उहाँकहाँ ल्याए । येशूलाई देख्ने वित्तिकै त्यस आत्माले केटालाई लछारपछार पार्‍यो, र त्यो भूइँमा पछारिएर फीज काढ्दै लडीवडी गर्न लाग्यो । (२१) उहाँले त्यसका बाबुलाई सोध्नुभयो, “कहिलेदेखि यसलाई यस्तो भएको हो ?” तिनले भने “बाल्यकालदेखि नै ।” (२२) यसलाई नाश गर्न त्यस आत्माले घरीघरी यसलाई आगो र पानीमा पनि फालेको छ । यदि तपाईले केही गर्न सक्नुहुन्छ भने, दया गरी हामीलाई मद्दत गरिदिनुहोस् ।” (२३) येशूले तिनलाई भन्नुभयो, “तपाईले सक्नुहुन्छ.” भनी के भनेको ? विश्वास गर्नेको लागि त सबै कुरा सम्भव छ ।” (२४) तब झट्टै केटाको बाबुले कराएर भने, “म विश्वास गर्दछु । मेरो अविश्वासमा मलाई सहायता गर्नुहोस् ।” (२५) तब भीड एकसाथ दगुरी आएको देखेर उहाँले त्यस अशुद्ध आत्मालाई यसो भनेर हप्काउनुभयो, “ए गूँगो र बहिरो आत्मा, म तँलाई हुकुम गर्दछु, त्यसबाट निस्केर आइज, र फेरि कहिल्यै त्यसभित्र नपस् ।” (२६) अनि चिच्च्याएर त्यस केटालाई साह्रै लछारपछार पारी त्यो आत्मा निस्क्यो, र त्यो केटो मुर्दासरि भयो, यहाँसम्म कि धेरैले त त्यो मरेछ भनी ठाने । (२७) तर येशूले त्यसको हात समातेर त्यसलाई जुरुक्क उठाउनुभयो, र त्यो उठ्यो ।(२८) अनि जब उहाँ घरमा जानुभयो तब उहाँका चेलाहरुले गुप्तमा उहाँलाई यसो भनी सोधे, “हामीले त्यसलाई किन निकाल्न सकेनौं ?” (२९) उहाँले तिनीहरुलाई भन्नुभयो, “यस किसिमको चाहिँ प्रार्थनाले बाहेक अरु कुनै उपायले धपाउन सकिँदैन ।”

क.उनमा कमजोर विश्वास ल्याउँन सहायता गर्नसक्ने कारणहरु :

१) उनमा कमजोर विश्वास ल्याउँन सहायता गर्नसक्ने कारणहरु :

- क. उनको छोराको गंभीर वा एकदमै नराम्रो अवस्था
- ख. लामो समयसम्म रहने रोम थियो ।
- ग. चेलाहरुले उनको छोरालाई निको पार्न वा उद्धार गर्न असफल भएका थिए ।

२) त्यस मानिस इमानदार थिए, र जुन चाहिँ सत्य थिएन त्यसको बाहान गर्दैन थिए ।

- क. ऊ निश्चित थिएन कि येशूले उनको छोरालाई निको पार्नुहुन्छ वा पार्नसक्नुहुन्छ भन्नेबारे ।
- ख. उनले यतिसम्म विश्वास गरे कि उनले आफ्नो छोरालाई येशू कहाँ ल्याए ।
- ग. उनले सुनेका कथाहरुबाट निश्चिय पनि यो विश्वास आएको थियो ।

३) के ले उनको “यदि तपाईले गर्न सक्नुहुन्छ भने” विश्वासलाई सहायता गरेको थियो ?

- क. दृढता, जब चेलाहरु असफल भएका थिए त्यति बेला पनि उनले हार मानेन् ।
- ख. उनले देखे र येशू कहाँ अपिल गर्नका लागि त्यस अवसरलाई लिए ।

ग. उनले येशूको दयालाई देखेका थिए र अपिल गरेका थिए ।

ख. येशूले “यदि तपाई सक्नुहुन्छ भन्ने” विश्वासको प्रतिकृया दिनुहुन्छ :

१) एक शक्तिसाली, स्पष्ट कथन : “सबै कुरा सम्भव छ” येशूले स्पष्ट भन्नुभयो कि कुनै पनि कुरा उहाँको क्षमता बाहिरको थिएन, ती जो विश्वासमा आउँछन् उनीहरुका लागि कुनै पनि कुरा असम्भव छैन ।

२) येशूले उनको कमजोर विश्वासलाई हप्काउँनुभएन, तर प्रोत्साहन गर्नुभयो ।

३) यो चाहिँ ती जो येशूले निको पार्न सक्नुहुन्छ भन्ने कुरामा निश्चित नभएका मानिसहरुका लागि उहाँको उत्तर हो ।

## २. “यदि तपाई इच्छा गर्नुहुन्छ भने”  केही विश्वास

मर्कूस १:४० ४२ अनि एक जना कुष्ठरोगी उहाँकहाँ आएर घुँडा टेक्दै यसो भनेर बिन्ती गऱ्यो, “तपाईले इच्छा गर्नुभयो भने मलाई निको पार्न सक्नुहुन्छ ।” (४१) तब दयाले भरिएर उहाँले आफ्नो हात पसारी त्यसलाई छुनुभयो, र त्यसलाई भन्नुभयो, “म इच्छा गर्दछु, तिमी निको भइजाऊ ।” (४२) त्यति नै बेला त्यसको कुष्ठरोग त्यसबाट हट्यो, र त्यो निको भइहाल्यो ।

धेरै मानिसहरु यस वर्ग पर्दछन्, उनीहरु विश्वास त गर्छन् कि येशूले निको पार्न सक्नुहुन्छ तर उनीहरुका प्रश्न यो हो कि **“के उहाँ मलाई निको पार्नका इच्छुक हुनुहुन्छ ।”**

क. कुष्ठरोगी, “यदि तपाई इच्छा गर्नुहुन्छ भन्ने विश्वास ।”

१) येशूले निको पार्न **सक्नुहुन्छ** भन्ने कुरामा उनले सन्देह गरेका थिएन : “तपाईले मलाई निको पार्न सक्नुहुन्छ”

२) तर उनको प्रश्न यो थियो कि **के** येशू उनलाई निको पार्न “इच्छुक” हुनुहुन्थ्यो ।

३) उनको “यदि तपाई इच्छा गर्नुहुन्छ भन्ने विश्वास” उनको यी कुराहरुमा देखाएको छ :

क) दृढता  उनले येशूलाई देखे, उहाँकहाँ गए, उनलाई निको पार्नका लागि येशूको अघि विन्ति गर्दै थिए र उहाँको अघि घुँडा टेके ।

ख) जसै त्यस कुष्ठरोगी उहाँको अघि गए उनले येशूको दयालाई अनुभव गरेको हुनुपर्छ र त्यस पछि येशूको छुवाइ पछि उनी त्यस बारे निश्चित भए ।

ख. येशूले ”यदि तपाई इच्छा गर्नुहुन्छ“ भन्ने विश्वास प्रति प्रतिकृया दिनुहुन्छ :

१) एक शक्तिशाली, सीधा उत्तर : “म इच्छा गर्छु ।”

२) येशूले उनको कमजोर विश्वास प्रति सल्लाहा दिनुभएन तर बलियो पार्नुभयो ।

३) ती जो उहाँले निको पार्न सक्नुहुन्छ भन्ने बारे निश्चित नभएका मानिसहरुका लागि **“म इच्छा गर्छु”** भन्ने भनाई अझैं पनि उनीहरुका लागि येशूको उत्तर हो ।

## ३. “यदि म … सक्छु” वा, ठूलो विश्वास

मर्कूस ५:२४–३४ तब येशू तिनीसँग जानुभयो । एउटा ठूलो भीड उहाँको पछि लाग्यो, र मानिसहरु उहाँको वरिपरि ठेलमठेला गर्न लागे । (२५) अनि बाह्र वर्ष अघिदेखि रगत बग्ने रोग भएकी एउटी स्त्री त्यहाँ थिई । (२६) त्यसले धेरै बैद्यहरुका हातबाट अनेक कष्ट पाएर आफूसँग भएका सारा धन दौलत खर्च गरेर पनि निको नभई बरु झन् खराब हालतमा पुगेकी थिई । (२७) येशूको विषयमा त्यसले सुनेकी थिई, र भीडको पछिल्तिरबाट आएर उहाँको वस्त्र त्यसले छोई । (२८) किनकि त्यसले मनमनै भनी, "मैले उहाँको वस्त्र मात्र छोएँ भने पनि म निको हुनेछु ।" (२९) अनि तुरुन्त त्यसको रगत बग्ने बन्द भइहाल्यो, र आफ्नो शरीरको रोग निको भएको त्यसले थाहा पाई । (३०) आफूबाट शक्ति बाहिर निस्केको झट्टै येशूले थाहा पाएर भीडमा पछिल्तिर फर्केर सोध्नुभयो, "कसले मेरो वस्त्र छोयो ?" (३१) चेलाहरुले उहाँलाई भने, "भीडले ठेलमठेला गरेको त तपाईले देख्नुभएकै छ, र पनि तपाई भन्नुहुन्छ "कसले मलाई छोयो ?" (३२) उहाँलाई छुने को हो भनी उहाँले चारैतिर हेर्न लाग्नुभयो । (३३) तब आफूलाई जे भएको थियो सो थाहा पाएर त्यो स्त्री डरले काम्दै आएर येशूको अगि घोप्टो परी, र उहाँलाई सबै सत्य कुरा भनिदिई । (३४) तब उहाँले त्यसलाई भन्नुभयो, "ए छोरी, तिम्रो विश्वासले तिमीलाई निको पारेको छ । शान्तिसाथ जाऊ । तिम्रो रोग निको होस् ।"

क. उनको अवस्था :

१) धार्मिक परम्पराले गर्दा उनलाई सामाजिक बहिष्कार गरियो ।

२) लामो समयसम्म रहेको अवस्था थियो – १२ वर्ष (२५पद)

३) उनले नराम्रो गरी दुख भोगेका थिए । (२६ पद क)

४) उनी धेरै वैद्यहरुमा गएका थिए (२६ पद ख)

५) उनले "आफूसँग भएका सबै थोक खर्च गरिसकेकी थिई" (२६ पद ग)

६) उनको अवस्था झन् खराब हुँदै थियो (२६ घ पद)

ख. "यदि म ... सक्छु" भन्ने उनको विश्वासको प्रकृति

१) उहाँ को हुनुहुन्छ र उहाँले के गर्नुभएको छ भन्ने ज्ञानका साथ उनी येशूको अघि आइन् (२७ क पद)

२) उनी आफ्नो धार्मिक परम्पराहरु जसले उनलाई अरु मानिसहरु देखि टाढा राखेको थियो त्यसको बेवास्ता गर्दै येशूको अघि आइन् ।

३) उनी केवल येशूको अघि आउँनको लागि उनले सबै जोखिमहरुको सामना गरे, यहाँसम्म कि जब उनलाई ढुङ्गाले हान्ने धम्की पनि दिएको थियो ।

४) उनी येशूको अघि दृढ विश्वासका साथ आइन् – "विश्वासको वरदान"।

५) उनी येशूको अघि आइन् किनभने उनले येशूले गरिरहनुभएको कामहरुको गवाही सुनेकी थिइन् । (२७ पद)

ग. "यदि म ... सक्छु" भन्ने उनको विश्वासको परिणाम

१) उनी तत्कालै निको भइन्

२) उनले आफ्नो शरीरमा निको भएको अनुभव गरिन् ।
३) येशू आफ्नो शरीरबाट शक्ति बहेर गएको बारे सचेत हुनुहुन्थ्यो ।
४) उहाँको अभिषेकसँग विश्वास जोडीयो
५) येशूको व्याख्य, ". . . तिम्रो विश्वासले तिमीलाई निको पारेको छ . . . "

**४. "उहाँ सक्नुहुन्छ . . ." विना सङ्काको विश्वास**

मर्कूस १०:४६–५२ त्यसपछि उहाँहरु यरीहोमा आउनुभयो, र उहाँ आ..ना चेलाहरु र ठूलो भीडसहित यरीहोबाट निस्कनुहुँदा तिमैको छोरो बारतिमै, एक जना अन्धो भिखारी, बाटोको किनारमा बसिरहेको थियो । (४७)जब त्यसले उहाँ नासरतका येशू हुनुहुन्छ भन्ने सुन्यो, तब कराएर त्यसले भन्न लाग्यो, "हे येशू, दाऊदका पुत्र, ममाथि दया गर्नुहोस् ।" (४८) तब धेरैले त्यसलाई चूप लागोस् भनेर हप्काए । तर त्यो झन् चर्को गरी कराउन लाग्यो, "हे दाऊदका पुत्र, ममाथि दया गर्नुहोस् ।" (४९) तब येशू टक्क अडिनुभयो र भन्नुभयो, "त्यसलाई बोलाओ ।" अनि तिनीहरुले त्यस अन्धालाई यसो भनेर बोलाए, "ढाडस गर, उठ, उहाँले तँलाई बोलाउँदैहुनुहुन्छ ।" (५०) अनि आफ्नो खास्टो फालेर त्यो जुरुक्क उठ्यो र येशूकहाँ आयो । (५१) येशूले त्यसलाई भन्नुभयो, "तिमी के चाहन्छौ, म तिम्रो निम्ति के गरुँ" त्यस अन्धो मानिसले उहाँलाई भन्यो, "रब्बी, म दृष्टि पाऊँ ।" (५२) अनि येशूले त्यसलाई भन्नुभयो, "तिम्रो बाटो लाग । तिम्रो विश्वासले तिमीलाई निको पारेको छ ।" तब तुरुन्तै त्यसले दृष्टि पायो, र बाटोमा येशूको पछिपछि लाग्यो ।

क. उसको अवस्था कस्तो थियो ?
१) उनी अन्धो थिए
२) उनी भिख माग्ने अवस्थामा पुगेको थियो
३) उनीसँग खास्टो मात्र थियो

ख. "उहाँ सक्नुहुन्छ . . . " भन्ने विश्वासको प्रकृति
१) उनी कराउन लाग्यो (४७ पद)
२) उनको गुहारले येशूलाई मसीहको रुपमा आदर र विश्वास प्रकट गर्दछ, "दाऊदको पुत्र" (४७ ख पद)
३) उनको गुहार चाहीँ निश्चित थियो, "ममाथि दया गर्नुहोस् ।" (४७ ग पद)
४) उनी दृढ भएर लागे, र हप्काएता पनि उनी चूप लागेनन् (४८ पद)
५) उनले आफ्नो खास्टो फाले ।
६) उनले येशूको बारेमा सुनेको थियो यसैले उनले येशूलाई गुहारे (४७ पद)

ग. त्यस अन्धो मानिस प्रति अन्य मानिसहरुको प्रतिकृया
१) उनीहरुले त्यसलाई हप्काए र चूप लाग्न भने (४८ पद)
२) ती जसले त्यसलाई हप्काएका थिए उनीहरु येशूलाई पछ्याउँनेहरु थिए । यो आज पनि सत्य छ ।

घ. “उहाँ सक्नुहुन्छ . . . ” भन्ने विश्वास प्रति येशूको प्रतिकृया

१) “त्यसलाई बोलाओ ।” आज ती चंगाइको आवश्यकता परेको मानिसहरुलाई कसले येशू कहाँ बोलाई रहेका छन् ?

२) येशूले त्यसलाई सोध्नु भयो, “तिमी के चाहन्छौ, म तिम्रो निम्ति के गरुँ ?” यो एक महत्वपूर्ण प्रश्न हो ।

३) येशूले त्यसलाई भन्नुभयो, “तिम्रो विश्वासले तिमीलाई निको पारेको छ । तब तुरुन्तै त्यसले दृष्टि पायो, र बाटोमा येशूको पछिपछि लाग्यो । (५२ पद)

माथिका घटनाहरुमा देखें झैं  विश्वास महत्वपूर्ण छ । तरैपनि अर्को महत्वपूर्ण अवस्था भनेको : ती सबै मानिसहरुसँग येशूको नजिक जाने अवसर थियो ।
यी प्रत्येक मानिसहरुलाई, येशूको उपस्थितिमा रहनुनै सबै भन्दा महत्वपूर्ण कुरा थियो ।

विश्वास महत्वपूर्ण थियो, तर (१) येशूको अघि आवश्यकताहरु ल्याउँनु, (२) उनीहरुको आवश्यकताका साथ उहाँको उपस्थितिमा रहनु र (३) निको हुनका लागि अनुरोध गर्नु चाहिँ समस्या थियो ।
उनीहरुमा थोरै, केही, महान् वा कमजोर विश्वास भएता पनि उनीहरु सबैले चंगाइ पाएका थिए ।
१०. चंगाइलाई सक्रिया गर्नका लागि आज्ञाकारीताको भुमिका
नयाँ र पुरानो करारमा यस्ता थुप्रै आश्चर्यका कामहरु छन् जुन प्रभुको वचनको आजाकारी भए पछि ती हुन आएका छन् । हामीहरु यूहन्नाको सुसमाचारको पुस्तकबाट केही मात्र हेर्ने छौं ।

**कानामा भएको आश्चर्य काम**

यूहन्ना २:१‑११ तेस्रो दिन गालीलको काना नगरमा एउटा विवाह थियो ।... तिनीहरुसित दाखमद्य छैन ।.. (५) उहाँकी आमाले चाकरहरुलाई भनिन्,...**उहाँले भन्नुभएबमोजिम तिमीहरुले गर ।**

- प्रभुबाट चंगाइ पाउन वा अन्य जुनैसुकै कुरा पाउँनको लागि यो एक महत्वपूर्ण कुरा हो । लूका ६:४६‑४९

(७) येशूले तिनीहरुलाई भन्नुभयो, “घ्याम्पाहरु पानीले भर ।” तिनीहरुले घ्याम्पाको मुखसम्मै पानी भरिदिए ।
(८) उहाँले तिनीहरुलाई भन्नुभयो, “अलिकता उघाएर भोजका मुखियाकहाँ लैजाओ ।” तिनीहरुले सो लगे ।
(११) उहाँका चिन्हहरुमध्ये यो पहिलो चिन्ह येशूले गालीलको कानामा गर्नुभयो । यसरी उहाँले आफ्नो महिमा प्रकट गर्नुभयो, अनि उहाँका चेलाहरुले उहाँमाथि विश्वास गरे ।

**उच्च अधिकारीको छोरो निको भएको**

यूहन्ना ४:४६५४ त्यसपछि उहाँ फेरि गालीलको काना नगरमा आउनुभयो, जहाँ उहाँले पानीलाई दाखमद्य बनाउनुभएको थियो । कफर्नहुममा एक जना उच्च अधिकारी थिए, जसको छोरो बिरामी थियो । (४७) येशू यशूदियाबाट गालीलमा आउनुभएको छ भन्ने सुनेर तिनी उहाँकहाँ गए, अनि तिनको छोरालाई आएर निको पारिदिन भनी उहाँलाई बिन्ति गरे, किनकि तिनको छोरो मर्नै आँटेको थियो । (४८) येशूले तिनलाई भन्नुभयो, "तिमीहरु चिन्ह र अचम्मका कामहरु नदेखेसम्म कुनै रीतिले विश्वास गर्दैनौ ।"

- आज पनि थुप्रै मानिसहरुका लागि यो सत्य छ । येशूले मानिसहरुलाई विश्वासमा ल्याउँन, विश्वास गराउँन उहाँलाई विश्वास गर्नु भन्दा अघि पनि उहाँले निको पार्नुहुनेछ र पार्दै पनि आउँनुभएको छ । यस्ता थुप्रै गवाही छन् जसमा मानिसहरुले येशूको दर्शन वा सपनाहरु देखेका छन् जसले उनीहरुलाई उहाँको विश्वासमा ल्याएका छन् ।

(४९) ती उच्च अधिकारीले उहाँलाई भने, "हजूर, मेरो छोरो मर्नुभन्दा अघि नै आइदिनुहोस"

(५०) येशूले तिनलाई भन्नुभयो, "जाऊ, तिम्रो छोरो बाँच्नेछ।" येशूले तिनलाई भन्नुभएको वचन ती मानिसले विश्वास गरे, र आफ्नो बाटो लागे । **उनले आज्ञापालन गरे ।**

(५१) अनि तिनी जाँदैगर्दा बाटैमा तिनका चाकरहरूले तिनलाई भेटेर तिनको छोरा बाँच्यो भनी तिनलाई बताए । (५२) कुन घड़ीदेखि त्यसलाई सन्चो हुन लाग्यो भनी तिनले तिनीहरूलाई सोध्दा तिनीहरूले भने, "हिजो दिउँसो एक बजेदेखि जरोले तिनलाई छोड्यो ।" (५३) येशूले तिनलाई "तिम्रो छोरो बाँच्नेछ" भन्नुभएको घड़ीदेखि नै हो रहेछ भनी बाबुले थाहा पाए । अनि तिनी आफैले र तिनका सारा परिवारले विश्वास गरे ।

---

यूहन्ना ५:१९ **बेथस्दामा गरिएको चंगाइ**

(२)यरूशलेममा भेड़ा(ढोकाको नजिक पाँच वटा दलान भएको एउटा जल(कुण्ड छ, जसलाई हिब्रू भाषामा बेथस्दा भनिन्छ । (३) त्यहाँ अनेक रोगीहरू, अर्थात– अन्धा, लङ्गड़ा, पक्षाघातीहरू पस्रिरहन्थे । तिनीहरू पानी कति बेला छचलकिन्छ भनेर पर्खिरहन्थे ।

(५) त्यहाँ अठतीस वर्षदेखि बिरामी भएको एक जना मानिस थियो । (६) येशूले त्यसलाई त्यहाँ पस्रिरहेको देख्नुभयो अनि लामो समयदेखि त्यो यस दशामा रहेछ भनी जानेर येशूले त्यसलाई भन्नुभयो, **"के तिमी निको हुन चाहन्छौ?"**

- यो एक महत्पूर्ण प्रश्न हो । यस मानिसले ३८ वर्षसम्म आफ्नो रोगको साथ बाँचेको थियो । धैरै वर्ष बिते पछि कोही कोही मानिसहरुले आफ्नो अवस्थालाई स्वीकार गरेर त्यसलाई "जीवनको भागको" रुपमा लिएर आत्मसमर्पण गर्छन् ।

(७) रोगीले उहाँलाई भन्यो, “हजूर, जुन बेला पानी छचल्काइन्छ मलाई जलकुण्डमा हालिदिने मेरो कोही मानिस छैन, म जाँदाजाँदै मभन्दा अगाडि अर्को मान्छे पानीमा ओर्लिहाल्छ ।”

- त्यस मासिनले जोडसँग “हो, म निको हुन चाहन्छु” भनेर उत्तर दिएन तर उनले उनी किन निको नभएको भन्ने कारण बताए ।

(८) येशूले त्यसलाई भन्नुभयो, “खड़ा होऊ, र आफ्नो ओछ्यान उठाऊ, र हिँड़।”

- यस ३८ वर्षसम्म हिँड्न नसकेको मानिसको लागि आज्ञाकारीताको गह्रो कदम उठाउँन आवश्यक थियो । उनी आज्ञाकारी भए र . . .

(९) तुरुन्तै त्यो मानिस निको भयो, र आफ्नो ओछ्यान बोकी ऊ हिँड़िहाल्यो ।

---

यूहन्ना ६:१–१४ **पाँच हजारलाई खुवाउँनुभएको**

(२) अनि एउटा ठूलो भीड उहाँको पछि लाग्यो, किनभने उहाँले रोगीहरूमाथि गर्नुभएका चिन्हहरू तिनीहरूले देखेका थिए ।

- उनीहरुले येशुलाई उहाँ जो हुनुहुन्थ्यो त्यसको लागि पछ्याएका थिएनन् तर उहाँले गर्नुभएको आश्चर्य कामहरु हेर्न वा निको हुन पछ्याएका थिए ।

(५) तब येशूले आफ्ना चारैतिर हेर्दा एउटा ठूलो भीड आफूकहाँ आइरहेको देखेर फिलिपलाई भन्नुभयो, “यिनीहरूलाई खुवाउनका निम्ति हामीहरूले कहाँबाट रोटी किन्ने ?”

- येशूमा थियो र हामीहरुमा पनि सधैं अरुहरुको आवश्यकता प्रति प्रेम, वास्ता र दया हुनुपर्छ ।

(६) उहाँले तिनको जाँच गर्नलाई यो भन्नुभएको थियो, किनभने उहाँले जे गर्न लाग्नुभएको थियो, सो उहाँलाई थाहा थियो ।

- येशूले आफ्नो चेलाहरुलाई सिकाउँदै र तालिम दिँदै हुनुहुन्थ्यो । उहाँले हामीलाई पनि अरुहरुको आवश्यकता प्रति दया देखाउँन, र उनीहरुको आवश्यकतालाई पुरा गर्नका लागि सिकाउँनुहुन्छ र तालिम दिनुहुन्छ ।
- पवित्र आत्माले हामीहरुलाई पनि त्यही प्रश्न सोधि रहनुभएको छ । प्रश्न हामीहरुको दिमागमा र अन्तस्करणमा आउँछ हाम्रो जाँच गर्दै र हामीलाई सिकाउँदै ।

(७) फिलिपले उहाँलाई जवाफ दिए, “प्रत्येकले अलि अलि पाए तापनि दुई सय चाँदीका सिक्काको रोटीले तिनीहरूलाई पुग्नेछैन ।”

- फिलिपको उत्तर चाहिँ प्राय हामीहरुले दिने उत्तर जस्तै थियो, परिस्थितिलाई आर्थिक रुपमा हेर्दै दिएको तर्कसंगत उत्तर र प्रभुको हृदयबाट हेरेर चाहिँ होइन जसमा "सबै थौक सम्भव छ ।"

(८) उहाँका चेलाहरूमध्ये एक जना, सिमोन पत्रुसका भाइ अन्द्रियासले भने, (९) "यहाँ एक जना ठिटो छ, त्यससँग जौका पाँच रोटी र दुई माछा छन् । तर यति धेरैका निम्ति यतिले के पुग्ला र ?"

- अन्द्रियासको उत्तर पनि आवश्यकतालाई नकरात्मक स्थरबाट हेरर दिइएको थियो, हामीसँग जे थिएन त्यस स्तरबाट तर येशूले के गर्न सक्नुहुन्छ त्यसलाई हेरेर होइन

(१०) येशूले भन्नुभयो, "मानिसहरूलाई बस्न लाओ ।" त्यहाँ धेरै घाँस भएको चउर थियो । तब प्रायः पाँच हजार पुरुषहरू त्यहाँ बसे ।

- चेलाहरुले प्रभुको आज्ञा मान्नै पऱ्यो ।
- जसै उनीहरु सबैलाई बस्न लगाउँनुभयो उनीहरुको अपेक्षा बढ्यो र उनीहरु सबैले येशूलाई पाँच रोटी र दुई माछाका साथ देखे ।

(११) तब येशूले रोटी लिनुभयो, र परमेश्‍वरलाई धन्यवाद चढ़ाउनुभएपछि

- मानिसहरु सबैले येशूले प्रार्थना गर्नुभएको देखे ताकि उनीहरु सबैलाई थाहा होस् कि त्यो अश्चर्यको काम कोबाट र कहाँबाट आएको हो । प्रार्थना चाहिँ सधैँ महत्वपूर्ण छ ताकि प्रभु के गर्न चहानुहुन्छ र हामीले के गर्नुपर्छ भन्ने बारे हामीहरुले सुन्न र जान्न सक्न ।

बस्नेहरूलाई बाँड्दिनुभयो, र त्यसै गरी माछा पनि बाँड्दिनुभयो । तिनीहरूले चाहेजति खाए । (१२) अनि जब तिनीहरूले भरपेट खाए, उहाँले आफ्ना चेलाहरूलाई भन्नुभयो, "उब्रेका टुक्राहरू बटुल, र केही नष्ट नहोस्।" (१३) खानेहरूले उबारेका जौका ती पाँच रोटीका टुक्राहरू तिनीहरूले बटुले र बाह्र डाला भरे । (१४) यसकारण उहाँले गर्नुभएको यो चिन्ह देखेर ती मानिसहरूले भने, "संसारमा आउने अगमवक्ता साँच्चै उहाँ नै हुनुहुँदोरहेछ ।"

- दुई ओटा कुराहरु पूरा भएको थियो : मानिसहरुका आवश्यकताहरु पुरा भएको थियो र त्यस आश्चर्य काम चाहिँ चिन्ह थियो जसले येशू वास्तबमा को हुनुहुन्छ भनेर स्पष्ट रुपमा प्रकट गरेको थियो ।
- आश्चर्य काम गर्न अघि येशू असल गरु हुनुहुन्थ्यो । आश्चर्य काम पछि उहाँलाई त्यस अगमवक्ताको रुपमा चिनियो जो चाहिँ आउँने वाला थियो ।

- व्यक्ति, वा मानिसहरु,लाई प्रभुले निको पार्न वा उनीहरुको आवश्यकता पुरा गर्न उनीहरु विश्वासी नै हुनुपर्छ भन्ने छैन । धेरै, थुप्रै पटक आश्चर्य कामहरु वा चंगाइले मानिसहरुलाई विश्वासमा ल्याउँदछ ।

---

यूहन्ना ९:१–१२ **येशूले जन्मैको अन्धोलाई निको पार्नुभएको**

त्यहाँबाट जाँदैगर्दा येशूले एक जना जन्मैको अन्धालाई देख्नुभयो । (२) उहाँका चेलाहरूले उहाँलाई सोधे, "रब्बी, कसले पाप गऱ्यो, यसले कि यसका आमा बुबाले, र यो अन्धो जन्म्यो?"

- चेलाहरुले यो प्रश्न सोधे किनभने येशूले एक जाना मानिसलाई निको पार्नुभए पछि (यूहन्ना ५:१४) यसो भन्नुभयो : हेर, तिमी निको भएका छौ । फेरि पाप नगर, र तिमीमाथि अझ बढी खराबी आई नपरोस् । यसले यो स्पष्ट बताउँछ कि कुनै विरामीहरु र शारीरिक समस्याहरु पापको कारणले आउँदछ । पापले शैतानलाई हामी माथि आक्रमण गर्नका लागि कानुनी अधिकार दिँदछ ।

(३) येशूले जवाफ दिनुभयो, "न त यसले पाप गर्यो न यसका आमा(बुबाले, तर यो यस हेतुले भयो कि परमेश्वरको काम यस मानिसको जीवनमा प्रकट होस् ।

- येशूको उत्तरले हामीलाई स्पष्ट गरि बताउँछ कि सबै पाप पापबाट नै आउँदैन ।

  (४) मलाई पठाउनुहुनेका कामहरु हामीले दिन छँदै गर्नुपर्छ । रात आउँछ, जब कसैले काम गर्न सक्दैन ।

- येशूले भन्नुभयो, "**हामीहरुले**.... गर्नुपर्छ " यसको स्पष्ट अर्थ यो हो कि उहाँ जसले हामीलाई पठाउँनुभयो हामीलाई पठाए अनुसार र निर्देशन दिनुभए अनुसार उहाँले जे कामहरु गर्नुभयो अब **हामीहरुले** पनि त्यही कामहरु गर्नुपर्छ । येशू आफ्नो चेलाहरुलाई भन्नुभयो : जसरी मेरो पिताले मलाई पठाउँनुभयो त्यसरी नै म पनि तिमीलाई पठाउँदछु (यहून्ना २०:२१)

(५) म संसारमा रहुञ्जेल म संसारको ज्योति हुँ।"

- ज्योतिले हेर्न सहायता गर्छ ।
- अब येशू स्वर्ग फर्कनुभई सक्नुभयो र उहाँ हामीहरुलाई यसो भन्नुहुन्छ : तिमीहरु संसारका ज्योति हौ । (मत्ती ५:१४)

(६) यी कुरा भनेर उहाँले भूइँमा थुक्नुभयो, र थूकले माटो मुछेर लेप बनाई त्यसका आँखामा लगाइदिनुभयो ।

- जब तपाई चंगाइको लागि प्रार्थना गर्नुहुन्छ, यहाँ येशूले गर्नुभए झैं, ध्यानसित प्रभुले तपाईलाई गर्नु भनेर दिनुभएको निर्देशनहरुलाई सुन्नुहोस् । यो निश्चित गर्नुहोस् कि ती निर्देशनहरु उहाँबाट नै हुन् ना कि तपाईको विचारहरुबाट ।

(७) अनि उहाँले त्यसलाई भन्नुभयो, ..जाऊ, सिलोआमको (जसको अर्थ हो, पठाइएको) तलाउमा गएर पखाल ।.. त्यसले गएर पखाल्यो, र देख्ने भएर फर्क्यो ।

- आँखामा माटोको लेप सहित उनलाई जाऊ र गर भन्नुभएको थियो । यो चाहिँ उनको आज्ञाकारीता, उनको विश्वास र दृष्टि पाउनका लागि उनको चाहनाको जाँच थियो ।

(८) त्यसका छिमेकीहरू र त्यसलाई भीख मागेको देख्नेहरूले भने, ‘‘बसेर भीख माग्ने मान्छे के यही होइन?’’ (९) कसै कसैले भने, ‘‘यो त्यही हो ।’’ अरूले भने, ‘‘होइन, यो त्यहीजस्तो देखिन्छ ।’’ त्यसले भन्यो, ‘‘म त्यही हुँ ।’’ (१०) तब तिनीहरूले त्यसलाई सोधे, ‘‘तेरा आँखा कसरी खोलिए त ?’’ (११) त्यसले जवाफ दियो, ‘‘येशू भन्ने एक जना मानिसले माटोको लेप बनाएर मेरा आँखामा लगाइदिएर मलाई भन्नुभयो, ‘सिलोआममा जाऊ र पखाल।’ तब गएर मैले पखालें, र म देख्ने भएँ ।’’ (१२) तिनीहरूले त्यसलाई भने, ‘‘तिनी कहाँ छन् त?’’ त्यसले भन्यो, ‘‘म जान्दिनँ ।’’

- यस्तो कुनै पनि प्रमाण छैन जसले यो बताउँछ कि त्यस मानिसले येशूलाई खोजी रहेको थियो वा निको हुनका लागि भनि रहेको वा उनमा निको हुनका लागि कुनै विश्वास थियो भनेर ।
- चंगाइको आवश्यक भएको जो सुकै व्यक्तिमा योग्यताहरु राख्दा होसियार हुनुपर्छ । सिधा प्रभुलाई सोध्नुहोस्, “तपाई के गर्न चाहनुहुन्छ ?”
- “परमेश्वरका सबै कार्यहरु ” सबैमा प्रकाश गरियो ताकि उनीहरुले येशूलाई खोज्न सकोस् ।

---

यूहन्ना ११:३८ ४४ **येशूले लाजरसलाई मृत्युबाट जीवित पार्नुभयो**

तब येशू फेरि ज्यादै व्याकुल भएर चिहानमा जानुभयो। यो चिहान एउटा ओढ़ारमा थियो । त्यसको मुख एउटा ढुङ्गोले ढाकेको थियो । (३९) येशूले भन्नुभयो, ‘‘ढुङ्गो हटाओ ।’’ मृत मानिसको दिदी मार्थाले उहाँलाई भनिन्, ‘‘हे प्रभु, यस बेलासम्म त त्यो गन्हाउन लागिसक्यो होला, किनकि त्यो मरेको चार दिन भइसक्यो ।’’

- मार्थको प्रतिकृयाले पर्याप्त विश्वास नभएको संकेत गर्दछ । तरैपनि येशूले उनलाई भन्नुभयो

(४०) येशूले तिनलाई भन्नुभयो, “के मैले तिमीलाई भनेको होइनँ, ‘तिमीले विश्वास गर्यौ भने परमेश्वरको महिमा देख्नेछौ’?” (४१) तिनीहरूले ढुङ्गो हटाए । अनि येशूले मास्तिर नजर उठाएर भन्नुभयो, “हे पिता, म तपाईंलाई धन्यवाद दिन्छु, किनकि तपाईंले मेरो बिन्ती सुन्नुभयो । (४२) मलाई थाहा छ, कि तपाईंले मेरो बिन्ती सधैँ सुन्नुहुन्छ । तर यहाँ उभिएका भीड़को खातिर मैले यो भनेको हुँ, ताकि तपाईंले मलाई पठाउनुभएको हो भनी तिनीहरूले विश्वास गरून्”

- फेरि, यो चंगाइको कार्य मानिसहरुलाई येशू को हुनुहुन्छ भनेर विश्वास वा भरोसामा ल्याउँनका लागि थियो र यो चंगाइ लाजरसको प्रेमद्वारा पनि उत्प्रेरित थियो ।

(४३) अनि यो कुरा भन्नुभएपछि उहाँ उच्च सोरले कराउनुभयो, “लाजरस, बाहिर निस्की आऊ ।”

- यो परिस्थितिमा मृतक मानिसले आज्ञा मान्नुपर्ने थियो ।

(४४) त्यो मृत मानिस त्यसको हात खुट्टा पट्टीले बाँधिएकै र अनुहार लुगाले बेह्रिएकैमा बाहिर निस्की आयो । येशूले तिनीहरूलाई भन्नुभयो, “त्यसको बन्धन खोलिदेओ, र त्यसलाई जान देओ ।”

---

यूहन्ना २१:१-७ **येशूले आश्चर्य रुपमा माछाहरु पकाउँनुभयो**

त्यसपछि चेलाहरूकहाँ तिबेरियास समुद्रको छेउमा येशूले फेरि आफूलाई प्रकट गर्नुभयो । उहाँले आफूलाई यसरी प्रकट गर्नुभयो :

- र फेरि, यो अचम्मको काम चाहिँ चेलाहरुमा येशू : परमेश्वरका पुत्र, महान् शक्तिशाली परमप्रभु हुनुहुन्छ भनि महसुस गराउँन र छाप पार्नका लागि थियो ।

(२) सिमोन पत्रुस, दिदुमस भन्ने थोमा, गालीलका काना नगरका नथानेल, जबदियाका दुई छोराहरू र उहाँका चेलाहरूमध्ये अरू दुई जना एकसाथ थिए । (३) सिमोन पत्रुसले तिनीहरूलाई भने, “म माछा मार्न जाँदैछु ।” तिनीहरूले उनलाई भने, “हामी पनि तिमीसँग आउँछौं ।” तिनीहरू गएर डुङ्गामा चढ़े, तर त्यो रात तिनीहरूले केही पक्रेनन् । (४) बिहान हुन लागेको थियो, येशू किनारमा खड़ा हुनुभयो । तर चेलाहरूले उहाँ येशू नै हुनुहुन्छ भनी चिनेनन (५) येशूले तिनीहरूलाई भन्नुभयो, “बालक हो, तिमीहरूसँग केही माछा छ ?” तिनीहरूले उहाँलाई उत्तर दिए, “छैन ।” (६) उहाँले तिनीहरूलाई भन्नुभयो, “जाल डुङ्गाको दाहिनेपट्टि हान, अनि भेट्टाउनेछौ।” तब तिनीहरूले जाल हाने, र माछाहरूको थुप्रोले गर्दा तिनीहरूले जाल तान्न सकेनन् ।

- आश्चर्य काम हुनका लागि आज्ञाकारीताको आवश्यक थियो ।

११. खुल्ला स्वर्ग र पवित्र आत्माको सेवकाई

उत्पत्ति २८:१०▯१७ **याकूबको भविष्यवाणीको सपना, खुल्ला स्वर्ग**

त्यस रात त्यहीँ वास बसे। त्यस ठाउँका ढुङ्गाहरूबाट एउटा लिएर तिनले आफ्नो सिरान बनाएर सुत्नलाई त्यहीँ पल्टे । (१२) तिनले यस्तो सपना देखेर जमिनमा खड़ा गरिएको एउटा

भयाङ् रहेछ, र त्यसको टुप्पाचाहिँ आकाशसम्मै पुगेको रहेछ र परमेश्वरका दूतहरू त्यसमा उक्लने र ओर्लने गर्दारहेछन् ।

- यसले स्पष्ट गरी संकेत गर्दछ कि परमेश्वरका स्वर्गदूतहरु प्रभुको लागि सेवकाई गर्दै र उहाँका मानिसहरुमा प्रभुको निर्देशन अनुसार सेवकाई गर्दै, प्रभु र उहाँका मानिसहरुमा आवत् जावत् गर्नुहुन्छ, ।
- अब प्रभुले अब्राहामलाई दिनुभइको करारको बारेमा याकूबसँग बोल्नुहुन्छ ।

(१३) परमप्रभु त्यसमाथि उभिनुभयो, र याकूबलाई भन्नुभयो, "म परमप्रभु, तेरा पिता अब्राहामका परमेश्वर र इसहाकका परमेश्वर हुँ । जुन भूमिमा तँ ढल्किरहेको छस् त्यो म तँलाई र तेरा सन्तानहरूलाई दिनेछु । (१४) तेरा सन्तान पृथ्वीको धूलोसरह हुनेछन पूर्व, पश्चिम, उत्तर र दक्षिणतिर फैलिएर तँ जानेछस् । तँ र तेरा सन्तानहरूद्वारा नै पृथ्वीका सबै मानिसहरू आशीर्वादी हुनेछन् । (१५) हेर्, म तँसँग छु र तँ जहाँसुकै गए तापनि तँलाई रक्षा गर्नेछु, र तँलाई यस ठाउँमा फर्काएर ल्याउनेछु । मैले तँलाई भनेको कुरा पूरा नगरुञ्जेल म तँलाई छोड्नेछैनँ ।" (१६) तब याकूब निद्राबाट ब्यूँझेर भने, "निश्चय नै यस ठाउँमा परमेश्वर हुनुहुँदोरहेछ, र यो मलाई थाहा थिएन ।"

- जहाँ प्रभुको उपस्थिति हुँदछ, त्यही उहाँका स्वर्गदूतहरु पनि हुँदछन् ।

(१७) तिनी साह्रै डराए र तिनले भने, "यो ठाउँ कस्तो भययोग्य रहेछ । यो त परमेश्वरको घरबाहेक अरू केही होइन रहेछ । यो त स्वर्गको ढोका पो रहेछ ।"

- जब प्रभुका **उपस्थितिको** पहिचान हुँदछ त्यसले **भय** ल्याउँदछ, **श्रद्धा** ।
- मण्डिली चाहिँ **परमेश्वरको वासस्थान** हुनुपर्दछ, जहाँ उहाँको उपस्थिति हुँदछ र मानिसहरु उहाँको उपिस्थतिको बारेमा सचेत भएको हुँदछ ।
- मण्डिली "स्वर्गमा जाने ढोका हुनुपर्छ" र "**खुल्ला स्वर्ग**" मा रहेको हुनुपर्छ ।

लूका ३:२१, २२ **पृथ्वीमा प्रभु सहितको खुल्ला स्वर्ग**

जब सबै मानिसहरूले बप्तिस्मा लिए, अनि येशूले पनि बप्तिस्मा लिएर प्रार्थना गरिरहनुभएको थियो, तब स्वर्ग उघ्रियो, (२२) र पवित्र आत्मा शारीरिक रूपमा ढुकुरजस्तो उहाँमाथि ओर्लनुभयो । अनि स्वर्गबाट यस्तो एउटा आवाज आयो, "तिमी मेरा प्रिय पुत्र हौ, तिमीसँग म अति प्रसन्न छु ।"

- यो समयमा चाहिँ प्रभु भर्याङको मुनि हुनुहुन्छ र पवित्र आत्मा उहाँ माथि आउँनुहुन्छ ।
- **जहाँ प्रभुको उपस्थिति हुँदछ त्यही "खुल्ला स्वर्ग" हुँदछ ।**

जसै प्रभूले नथानेललाई भन्नुभए झैं :

यूहन्ना १:५०, ५१ येशूले तिनलाई जवाफ दिई भन्नुभयो "मैले तिमीलाई अञ्जीरको रूखमुनि देखें भनेकोले नै तिमी विश्वास गर्दछौ? तिमीले यीभन्दा अझ ठूला कुराहरू देख्नेछौ ।" (५१) अनि उहाँले

तिनलाई भन्नुभयो, “साँच्चै, म तिमीलाई भन्दछु, तिमीहरूले स्वर्ग उघ्रिएको र परमेश्वरका दूतहरूलाई मानिसको पुत्रमाथि उक्लँदै र ओर्लँदैगरेका देख्नेछौ ।”

र उनीहरुले देखे पनि :

मत्ती ४:११ येशूको परिक्षा

तब दियाबलस उहाँलाई छोडेर गयो, र स्वर्गदूतहरुले आएर उहाँको सेवा टहल गरे ।

- स्वर्गदूतहरुले प्रभूको आवश्यकतामा उहाँको सेवा गर्दछन् ।

मर्कूस १:१३ शैतानबाट परीक्षित हुँदै उहाँ चालीस दिन उजाड स्थानमा रहनुभयो । उहाँ जङ्गली जनावरहरुसँग रहनुभयो, र स्वर्गदूतहरुले उहाँको सेवा टहल गरे ।

लूका २२: ४३,४४ तब स्वर्गबाट एउटा दूत उहाँलाई बल दिन उहाँकहाँ देखा परे । (४४) अत्यन्त सङ्कष्टमा परेर आग्रहपूर्वक उहाँ प्रार्थना गर्न लाग्नुभयो, र उहाँको पसीना रगतका ठूला ठूला थोप्लाजस्तै जमिनमा खसिरहेका थिए ।

उहाँका स्वर्गदूतहरुका प्रवृति र उदेश्य :

हिब्रू १:७ स्वर्गदूतका विषयमा उहाँ भन्नुहुन्छ, उहाँले आफ्ना स्वर्गदूतहरुलाई बतास र आफ्ना दासहरुलाई आगोको ज्वाला तुल्याउनुहुन्छ ।

प्रस्थान ३:२ त्यहाँ एउटा जलिरहेको पोथ्राको ज्वालामा परमप्रभुका दूत तिनीकहाँ प्रकट भए, र तिनले पोथ्रालाई हेरे । त्यो पोथ्रा जलिरहेको थियो तापनि भस्म हुँदैनथ्यो ।

२ राजा २:११ जब तिनीहरु कुरा गर्दै अगि हिँडिरहेका थिए, तब एक्कासि एउटा अग्निमय रथ र घोडाहरु देखा परे, र दुईलाई एक अर्काबाट अलग गरे, र एलिया भुमरीमा माथि स्वर्गतिर लगिए ।

हिब्रू १:१४ के ती सबै स्वर्गदूतहरु मक्ति पाउनेहरुका खातिर सेवा गर्नलाई पठाइएका सेवा गर्ने आत्माहरु होइनन् ?

मत्ती १८:१० तिमीहरुलाई कसैले मालिक नभनोस्, किनकि तिमीहरुका एकमात्र मालिक ख्रीष्ट नै हुनुहुन्छ ।

भजनसंग्रह १०४:३,४ उहाँले आफ्ना कोठाहरूका दलिनहरू पानीमाथि स्थिर गर्नुहुन्छ । उहाँले बादललाई आफ्नो रथ तुल्याउनुहुन्छ, र बतासका पखेटामाथि उहाँ सवार हुनुहुन्छ । (४) उहाँले बतासलाई आफ्नो दूत, र आगोका ज्वालालाई आफ्ना सेवक तुल्याउनुहुन्छ ।

प्रस्थान ३३:२ म तिमीहरूका अगिअगि एउटा दूत पठाउनेछु, र कनानी, एमोरी, हित्ती, परिज्जी, हिव्वी र यबूसीहरूलाई धपाउनेछु ।

भजनसंग्रह १०३:२०,२१ हे उहाँका स्वर्गदूतहरू हो, उहाँको वचन पालन गर्ने शक्तिशाली जन हो, परमप्रभुको प्रशंसा गर । (२१) हे स्वर्गका सबै सेना हो, उहाँको इच्छाअनुसार काम गर्ने सेवक हो, परमप्रभुको प्रशंसा गर ।

बप्तिस्मा दिने यूहन्नाको अगमवाणीलाई बुझ्दै :

लूका ३:१६ तब यूहन्नाले ती सबैलाई जवाफ दिए, “म तिमीहरूलाई पानीले बर्पतिस्मा दिन्छु, तर एक जना मभन्दा शक्तिशाली आउँदैहुनुहुन्छ, जसका जुत्ताको फित्ता खोल्ने लायकको म छैनँ । उहाँले तिमीहरूलाई पवित्र आत्मा र आगोले बर्पतिस्मा दिनुहुनेछ ।

- "र" भन्ने शव्दको अर्थ चाहिँ "यसका अतिरिक्त" वा पवित्र आत्मा भन्दा भिन्नै भन्ने बुझिन्छ । यसले यो पनि भन्न खोजेको हुनसक्छ, "उहाँले बतासलाई आफ्नो दूत, र आगोका ज्वालालाई आफ्ना सेवक तुल्याउनुहुन्छ" (भजनसंग्रह १०४:४)

र, पेन्तिकोसको दिनमा :

प्रेरित २:१□ ४ जब पेन्तिकोसको दिन आयो, तिनीहरू सबै एकै ठाउँमा भेला भएका थिए । (२) अनि स्वर्गबाट अचानक ठूलो बतासको झोक्काजस्तै एउटा आवाज आयो, र तिनीहरू बसेको पूरा घरै भरिदियो । (३) आगोका जिब्राहरूजस्ता तिनीहरूकहाँ देखा परे, र भाग(भाग भएर तिनीहरू हरेकमाथि बसे । (४) अनि तिनीहरू सबै जना पवित्र आत्माले भरिए, र पवित्र आत्माले तिनीहरूलाई दिनुभएको उच्चारणबमोजिम तिनीहरू अन्य भाषाहरूमा बोल्न लागे ।

- बतास र ज्वाला उहाँको स्वर्गदूतहरुको प्रकट हो ।

रेन्डी कलर्क उनको ब्रजिलमा भएको सेवकाईको बारेमा बताउँछन् । "ठूलो सभागारमा बतास आयो, मञ्चको ठूलो ढोका खोल्यो, र थुप्रै मेचहरुलाई पनि उडायो, तर सभागार बाहिर भने चाहिँ बतास थिएन, भित्रमा थियो । त्यस रात ९० प्रतिशत निको भए र त्यस पछिको रात १०□ २० प्रतिशत निको भए ।"

प्रेरित ५:१८..२० र तिनीहरूलाई पक्रेर सार्वजनिक झ्यालखानमा हालिदिए । (१९) तर प्रभुका एउटा दूतले राती झ्यालखानका ढोकाहरू खोलिदिए, र तिनीहरूलाई बाहिर ल्याएर भने, (२०) “जाओ र मन्दिरमा खड़ा भएर यस जीवनका सारा सन्देश मानिसहरूलाई सुनाओ ।”

प्रेरित ८:२६ त्यसपछि प्रभुका एउटा दूतले फिलिपलाई भने, “उठेर दक्षिणतिर यरूशलेमबाट गाजातर्फ जाने बाटोमा जाऊ। त्यहाँ मरुभूमिको बाटो छ ।”

प्रेरित १० :३ तिनले दिउँसो तीन बजेतिर दर्शनमा स्पष्ट रूपले परमेश्वरका एउटा स्वर्गदूत आफूतर्फ आएर यसो भनिरहेका सुने, “कर्नेलियस!”

प्रेरित १०:२२ तिनीहरूले भने, “एक जना कप्तान कर्नेलियस, जो सोझा र परमेश्वरसँग डराउने र सारा यहूदी जातिबाट सम्मान पाएका व्यक्ति हुनुहुन्छ, तपाईंलाई उहाँको घरमा बोलाइपठाउने र तपाईंबाट सन्देश सुन्नू भनी एउटा पवित्र स्वर्गदूतबाट उहाँलाई आदेश मिलेको छ ।

प्रेरित ११:१३ उनले हामीलाई बताए, कि एउटा स्वर्गदूत उनको घरमा उभिएर यसो भनिरहेका उनले देखे, ‘योप्पामा मान्छे पठाएर पत्रुस भनिने सिमोनलाई बोलाइपठाऊ ।

प्रेरित १२:५ ११ यसरी पत्रुस झ्यालखानमा राखिए, तर तिनको निम्ति मण्डलीले परमेश्वरलाई बड़ो जोशसँग प्रार्थना गरिरहेको थियो । (६) हेरोदले तिनलाई बाहिर निकालिल्याउन खोजेकै रात, पत्रुस दुई वटा साङ्लाले बाँधिएर दुई जना सिपाहीहरूका बीचमा सुतिरहेका थिए । सिपाहीहरू पनि ढोका अगिलतिर उभिएर झ्यालखानको पहरा दिइरहेका थिए । (७) अचानक प्रभुका एउटा स्वर्गदूत त्यहाँ देखा परे, र कोठरीमा ज्योति चम्क्यो । स्वर्गदूतले पत्रुसलाई कोखामा हिर्काए अनि "छिटो उठ" भनेर तिनलाई जगाए। तब साङ्लाहरू तिनका हातबाट फुस्केर खसे । (८) स्वर्गदूतले तिनलाई भने, "लुगा लगाऊ, र जुत्ता लाऊ ।" तब तिनले त्यसै गरे । उनले तिनलाई भने, "खास्टो ओढ़ेर मेरो पछिपछि लाग ।" (९) अनि तिनी निस्केर उनको पछिपछि लागे । स्वर्गदूतबाट गरिएको कुरो साँच्चीकै हो भन्ने तिनलाई थाहै भएन । तर दर्शन देख्दैछु भनी तिनले ठाने । (१०) जब पहिलो र दोस्रो पहरा(टोली नाघेर सहरमा पस्ने फलामे ढोकामा तिनीहरू पुगे, तब त्यो ढोका आफै तिनीहरूका लागि उघ्रियो, र तिनीहरू बाहिर निस्केर एउटा गल्लीको बाटो भएर गए, र तुरुन्तै स्वर्गदूत तिनलाई छोड़ेर गए । (११) जब पत्रुसको होश खुल्यो तब तिनले भने, "अब मलाई साँच्ची नै थाहा भयो, कि प्रभुले आफ्ना दूत पठाउनुभएर हेरोद राजाको हातबाट, र यहूदीहरुले जे गर्न चाहन्थे ती सबैबाट मलाई छुटकारा दिनुभयो ।"

प्रकाश १:१ येशू खीष्टको प्रकाश, जो परमेश्वरले चाँड़ै हुन आउने कुराहरू आफ्ना सेवकहरूलाई देखाउन उहाँलाई दिनुभयो। उहाँले आफ्नो दूत पठाउनुभएर यो कुरा आफ्नो सेवक यूहन्नालाई प्रकट गरिदिनुभयो ।

प्रकाश २२:१६ "म येशूले आफ्ना दूतलाई तिमीकहाँ मण्डलीहरूका निम्ति यो गवाही दिन पठाएको छु । दाऊदका मूल र सन्तान, अनि बिहानको चहकिलो तारा म नै हुँ।"

प्रकाश १२:७ ९ अनि स्वर्गमा लड़ाइँ भयो । मिखाएल र तिनका दूतहरूले त्यस अजिङ्गरसँग युद्ध गरे । अजिङ्गर र त्यसका दूतहरूले पनि युद्ध गरे, डतर यिनीहरू हारे, र यिनीहरूका निम्ति स्वर्गमा कुनै ठाउँ रहेन । त्यो ठूलो अजिङ्गर तल फालियो– त्यो प्राचीन सर्प, जो सारा संसारलाई बहकाउने दियाबलस वा शैतान हो । त्यो पृथ्वीमा फ्याँकियो र त्यसका दूतहरू त्यसका साथसाथै फ्याँकिए ।

- सर्पका दूतहरु जो स्वर्गबाट फालिएका थिए उनीहरु दियाबलसका सुचनाहरु बोक्ने शैतानहरु हुन् ।

- तरैपनि :

लूका १०:१७ २० ती सत्तरी जना आनन्दसाथ फर्केर आई यसो भने, "प्रभुज्यू, तपाईंको नाउँमा भूतहरू पनि हाम्रा वशमा आउँछन्" उहाँले तिनीहरूलाई भन्नुभयो, "मैले शैतानलाई स्वर्गबाट विजुलीझैँ खसिरहेको देखें । मैले तिमीहरूलाई सर्पहरू र बिच्छीहरू कुल्चने र शत्रुको सारा शक्तिमाथि अधिकार दिएको छ, र कुनै कुराले तिमीहरूलाई हानि गर्नेछैन । तापनि दुष्टात्माहरू

तिमीहरूको वशमा छन् भनेर रमाउने होइन, तर तिमीहरूका नाउँ स्वर्गमा लेखिएका छन् भनेर नै रमाओ ।”

दूतहरुको कहिलै पनि आराधना गर्नुहुदैन :

प्रकाश १९:१० अनि तिनलाई दण्डवत् गर्न म तिनको पाउमा घोप्टो परे । तर तिनले मलाई भने, “तिमीले मलाई यसो गर्नुहुँदैन । म येशूको गवाही कायम राख्ने तिम्रा भाइहरूको र तिम्रो सङ्गी दास मात्र हुँ । परमेश्वरलाई दण्डवत गर! किनकि येशूको गवाही अगमवाणीको आत्मा हो ।